# नेपाली भाषा पाठ्यपुस्तकका रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन

शोधार्थी
सङ्गीता मल्ल ठकुरी
क्याम्पस क्रमाङ्क र शैक्षिक वर्ष : १२३/२०७२/०७३
त्रि.वि. दर्ता क्रमाङ्क : ९-२-२१८-६०२-२०१०
दोस्रो वर्षको परीक्षा क्रमाङ्क र वर्ष : २१८००४४/२०७३

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग,
जनता बहुमुखी क्याम्पस, इटहरी स्नातकोत्तर तह दोस्रो
वर्षको नेपा.शि. ५९८ प्रयोजनका लागि प्रस्तुत
शोधपत्र

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरकबलनी
२०७८/२०२२

# प्रतिबद्धता-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत *नेपाली भाषा पाठ्यपुस्तकका रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन* शीर्षकको शोधपत्र अर्को प्रयोजनको लागि कहीँ कतै पेश नगरेको र अनुसन्धान कार्य अत्यन्त मौलिक रहेको प्रतिबद्धता व्यक्त गर्दछु ।

वि.सं.: २०७८।११।२४

इ.सं. : ८ मार्च २०२२

शोधार्थी

सङ्गीता मल्ल ठकुरी

# जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी

स्थापना : २०४५

(त्रिभुवन विश्वविद्यालय र उ.मा.वि. परिषद्बाट सम्बन्धन प्राप्त)

विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय

फोन नं.: ०२५-५८००६४
५८१३००

प.सं.:

च.सं.:

मिति : २०७८।११।२७


**शोध निर्देशकको सिफारिस पत्र**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभागअन्तर्गत एमएड दोस्रो बर्षकी विद्यार्थी *सङ्गीता मल्ल ठकुरी*ले नेपाशि ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत *नेपाली भाषा पाठ्यपुस्तकका रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन* शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । प्रस्तुत शोधपत्र सम्बन्धित तहका निमित्त उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

...............................

वि.सं. : २०७८।११।२४
इ.सं. : ८ मार्च २०२२

नवीनकुमार शर्मा
शोध निर्देशक
नेपाली शिक्षा विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

**जनता बहुमुखी क्याम्पस**
इटहरी, सुनसरी
स्थापना : २०४५
(त्रिभुवन विश्वविद्यालय र उ.मा.वि.परिषद्बाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय
फोन नं. : ०२५-५८००६४
५८१३००

प.सं.
च.सं.
मिति :

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीको नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका शोधार्थी संगिता मल्ल ठकुरीले नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ विभागमा प्रस्तुत गर्नुभएको **नेपाली भाषा पाठ्यपुस्तकमा रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकको शोधपत्रलाई नेपाली भाषा शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निम्ति स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| **नाम र थर** | **हस्ताक्षर** |
|---|---|
| १. मदनराज बराल (विभागीय प्रमुख) | ........................... |
| २. उप.प्रा.मीनप्रसाद अधिकारी (बाह्य परीक्षक) धनकुटा बहुमुखी क्याम्पस, धनकुटा | ........................... |
| ३. नवीनकुमार शर्मा (शोध निर्देशक) | ........................... |

मिति :
वि.सं. :
इ.सं. :
SD:
VD:

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको नेपाली शिक्षा विषयको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको *नेपाली भाषा पाठ्यपुस्तकका रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन शीर्षक* मैले गुरु नवीनकुमार शर्माको कुशल निर्देशनमा तयार पारेकी हुँ। त्यसैले गुरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

त्यस्तै शोधपत्रको शीर्षकको शोधपत्र प्रस्तावनालाई विभागीय स्वीकृति प्रदान गरी शोध लेखनका लागि मार्ग प्रशस्त गर्ने जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभागका आदरणीय गुरुहरू मदनराज बराल लगायत सम्पूर्ण गुरुहरूलाई आभार प्रकट गर्दछु। अत्यन्तै छोटो समयमा पनि शोधपत्रको टङ्कण गरिदिनु हुने सौजन्य डेस्कटपकी मैया बराललाई विशेष धन्यवाद दिन्छु। अन्त्यमा शोधपत्रको उचित मूल्याङ्कनका लागि जनता बहुमुखी क्याम्पस इटहरीमा पेश गर्दछु।

------------------

सङ्गीता मल्ल ठकुरी

## शोधसार

*नेपाली भाषा पाठ्यपुस्तकका रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन* शीर्षकको शोधपत्रको उद्देश्यका रूपमा कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकको रूपकमा प्रयुक्त तत्सम शब्दहरू पत्ता लगाउनु, कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकको रूपक विधामा प्रयुक्त रूपकका तत्सम शब्दहरूको शब्दवर्ग पहिचान गर्नु, कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकको रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको बनोट/निर्माण प्रक्रिया देखाउन र कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकको रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको अर्थ पत्ता लगाउनु, कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकको रूपक विधामा प्रयुक्त तत्सम शब्दहरू विद्यार्थीको क्षमता र स्तर अनुकुल भए नभएको अध्ययन गर्नु रहेका छन् ।

प्रस्तुत शोधपत्र पुस्तकालयीय विधि अपनाई सामग्री सङ्कलन गरिएको छ भने प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोतमा कक्षा एघार र बाह्रको रूपक विधा भने द्वितीय स्रोतका साधनहरूको रूपमा शब्दकोशहरू, नेपाली भाषा व्याकरण, भाषा विज्ञानका पुस्तकहरू र अप्रकाशित शोधपत्रहरू र शिक्षक सुझाव तथा निर्देशनलाई लिइएको छ ।

कुनै पाठमा ज्यादै बढी र कुनै पाठमा ज्यादै कम तत्सम शब्दको प्रयोग भएको देखिन्छ तर यसो नभएर समान तत्सम शब्दको प्रयोग भएका रूपकहरू समावेश गरिनुपर्दछ । अप्ठ्यारा तत्सम शब्दहरूको आवृत्ति भइरहे विद्यार्थीहरूलाई सहज हुने देखिन्छ । सबै रूपकको अन्त्यमा कठिन तत्सम शब्दहरूको शब्दार्थ स्तम्भ राखिनु पर्ने देखिन्छ भनी निष्कर्ष निकालिएको छ ।

## विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| **अध्याय एक** | |
| **परिचय** | |
| पृष्ठभूमि | १ |
| समस्या कथन | ३ |
| अध्ययनको उद्देश्य | ३ |
| अध्ययनको औचित्य | ४ |
| अध्ययनको परिसीमा | ४ |
| पारिभाषिक शब्दहरू | ५ |
| अध्ययनको रूपरेखा | ५ |
| **अध्याय दुई** | |
| **पूर्व कार्यको समीक्षा र धारणात्मक संरचना** | |
| पूर्व कार्यको समीक्षा | ६ |
| पूर्वकार्यको उपयोगिता/कार्यान्वयन | ७ |
| सैद्धान्तिक/धारणात्मक संरचना | ९ |
| **अध्याय तीन** | |
| **अध्ययनको प्रक्रिया/विधि** | |
| अध्ययनको संरचना | १० |
| जनसङ्ख्याको नमूना | १० |
| नमुना छनोट प्रक्रिया | १० |
| तथ्याङ्क सङ्कलनका साधनहरू | १० |
| तथ्याङ्क सङ्कलन प्रक्रिया | ११ |
| तथ्याङ्क विश्लेषण र व्याख्या | ११ |
| **अध्याय चार** | |
| **व्याख्या र विश्लेषण** | |
| कृषिशालामा एक दिन | १२ |
| जलस्रोत र ऊर्जा | २१ |
| नेपाली पहिचान | ३१ |
| **अध्याय पाँच** | |
| **निष्कर्ष, सुझाव र उपयोगिता** | |
| निष्कर्ष | ३८ |
| सुझाव | ३९ |
| उपयोगिता | ३९ |
| सन्दर्भसूची | |

# अध्याय एक

# परिचय

## पृष्ठभूमि

'तत् + सम'को अर्थ 'त्यो बराबर' अथवा 'त्यो जस्तै' भन्ने हुन्छ र 'त्यो' शब्दले संस्कृतलाई संकेत गरेको छ। त्यसैले संसकृत भाषाबाट आफ्नो रूप नफेरिई जस्ताको तेस्तै नेपालीमा आएका शब्दहरूलाई तत्सम भनिन्छ (त्रिपाठी, २०७५ पृ ९)।

भाषा समाजको सम्पत्ति हो। भाषा शब्दको निर्माण संस्कृतको 'भाष्' धातुमा आ (टाप्) प्रत्यय लागेर बनेको हो। जसको अर्थ बोल्नु वा भन्नु भन्ने हुन्छ र आ (टाप्) ले स्त्रीबोधक प्रत्ययलाई जनाउँदछ। भाषा विचार विनिमयको माध्यम हो (न्यौपाने, २०६६:१)।, विचार विनिमय गर्ने अरू माध्यमहरूः आँखा झिम्क्याएर, हातले इशारा गरेर, ताली बजाएर पनि गर्न सकिन्छ। त्यसैगरी पशुपंक्षीले पनि आ-आफ्नै आवाज निकालेर विचार व्यक्त गर्दछन् तर यिनीहरूलाई भाषा भनिँदैन। भाषा भन्नाले स्वर र व्यञ्जनजस्ता स्पष्ट छुट्याउन सकिने गरी मान्छेको उच्चारण अवयवद्वारा उच्चारित आवाज भन्ने बुझिन्छ। यसरी व्यापक अर्थमा केही कुरा व्यक्त गर्ने सङ्केतलाई भाषा भनिए पनि भाषा वैज्ञानिक सन्दर्भमा मानवीय उच्चारण अवयवद्वारा उच्चारित यदृच्छिक ध्वनिप्रतीकहरूको व्यवस्थालाई भाषा भन्ने गरिएको छ (न्यौपाने, २०६६ पृ. १)।

रुपिमभन्दा माथिल्लो तथा पदावलीभन्दा सानो अर्थपूर्ण भाषिक एकाइ शब्द हो। एक वा एकभन्दा बढी अक्षरहरू मिलेर बनेको स्वतन्त्र रूपमा प्रयोग हुनसक्ने अर्थपूर्ण एकाइलाई शब्द भनिन्छ (बस्नेत, २०७१:९)। शब्दहरू स्वतन्त्र रूपमा प्रयोग हुन सक्दछन्। जस्तै : घर, पुस्तक, कलम आदि स्वतन्त्र रूपमा प्रयोग गर्न सकिन्छ, त्यसैले यी शब्द हुन् तर उपसर्ग (वि, सु, निर आदि) र प्रत्यय (आलु, एलु, इक) आदि स्वतन्त्र रूपमा प्रयोग गर्न सक्दैनन् त्यसैले यी शब्द होइनन्। त्यस्तै गर्, पढ, लेख् आदि धातुहरू अर्थयुक्त भए पनि तिनको स्वतन्त्र प्रयोग नहुने भएकाले ती पनि शब्द मानिँदैनन् (भट्टराई, २०६२ पृ. १२)।

स्वतन्त्र रूपमा प्रयोग हुने भाषाको सानो तर अर्थपूर्ण एकाईलाई शब्द (Word) भनिन्छ। 'घर, घरेलु, पानी, पन्यालो' आदि स्वतन्त्र रूपमा प्रयोग हुने र अर्थपूर्ण पनि हुने भएको हुँदा ती शब्द हुन्, तर उपसर्ग (प्र, वि, निर) आदि तथा प्रत्यय (एलु, आलो, एर

आदि) को प्रयोग स्वतन्त्र रूपमा नहुने र तिनको अर्थ पनि नभएकाले ती शब्द होइनन्। यस्तै (गर, पढ्, लेख् आदि) धातुहरू अर्थयुक्त भए पनि तिनको स्वतन्त्र प्रयोग नहुने भएकाले ती पनि शब्द मानिँदैनन्। वाक्यमा प्रयोग भएका वा प्रयोग हुन योग्य शब्दलाई 'पद' पनि भनिन्छ (बराल र एटम, २०६६ पृ. ८)।

नेपाली भाषाका शब्दहरूलाई निम्न आधारमा वर्गीकरण गर्न सकिन्छ :

**(क) स्रोतका आधारमा शब्द वर्गीकरण**

नेपाली भाषामा विभिन्न स्रोतबाट आएका शब्दहरू छन्। नेपाली भाषाको शब्द भण्डारलाई हेर्ने हो भने यसमा प्रयोग हुने ठेट शब्दहरूका साथसाथै विभिन्न भाषाबाट आएका शब्दहरू पनि छन्। त्यसैले भाषिक स्रोतका आधारमा हेर्दा नेपाली भाषाका शब्दहरूलाई निम्न दुई प्रकारमा विभाजन गर्न सकिन्छ :

(अ) मौलिक शब्द

(आ) आगन्तुक शब्द

**(अ) मौलिक शब्द**

संस्कृत शब्दबाट नेपाली भाषामा आएका शब्दहरूलाई मौलिक शब्द भनिन्छ। नेपाली भाषामा भारोपेली भाषा परिवारको संस्कृत भाषाबाट प्राकृत हुँदै विकसित भएको भाषा हो (बराल, २०६६ पृ. ४३)। संस्कृत भाषाका शब्दहरू मार्फत नेपालीको शब्दभण्डार पूर्ण छ। संस्कृत भाषाबाट आएका शब्दहरूलाई मौलिक शब्द भनिन्छ। मौलिक शब्दहरू पनि निम्न दुई प्रकारका छन् :

तत्सम शब्द

तद्भव शब्द

**तत्सम शब्द**

संस्कृत भाषाबाट सोझै वा जस्ताको त्यस्तै रूप परिवर्तन नभई नेपाली भाषामा आएका शब्दहरू तत्सम शब्द हुन्। संस्कृतमा 'तत्' को अर्थ त्यो र 'सम्' को अर्थ समान भन्ने हुन्छ। यस अर्थमा तत् समान वा संस्कृत समान, नेपालीमा प्रयोग भएका शब्दहरू तत्सम शब्दहरू भन्ने हुन्छ। अरू भाषाबाट रूप नफेरि आफ्नो भाषामा आएर जस्ताको

त्यस्तै चलेका शब्द तत्सम शब्द हुन् (ने.वृ.श. २०४० पृ. ५८२)। जस्तै : अग्नि, करुणा, निद्रा, पुत्र, सुख, मूर्ति, हंस, ईश्वर आदि ।

**समस्या कथन**

कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधामा प्रयुक्त तत्सम शब्दहरू सम्बन्धी समस्यालाई प्रस्तुत शोधका निम्नलिखित आयाममा केन्द्रित रहेका छन् । जसलाई बुँदागत रूपमा निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

क) कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका तत्सम शब्दहरू के-कस्ता रहेका छन् ?

ख) ती शब्दहरूको शब्दवर्ग अवस्था कस्तो छ ?

ग) ती शब्दहरूको बनोट निर्माण प्रक्रिया कस्तो छ ?

घ) ती शब्दहरूको अर्थ के कस्तो छ ?

ङ) ती शब्दहरूको आवृत्ति कस्तो छ ?

**अध्ययनको उद्देश्य**

यो अध्ययन निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ ।

क) कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकको रूपकमा प्रयुक्त तत्सम शब्दहरू पत्ता लगाउनु ।

ख) ती पाठ्यपुस्तकको रूपक विधामा प्रयुक्त रूपकका तत्सम शब्दहरूको शब्दवर्ग पहिचान गर्नु ।

ग) ती नेपाली पाठ्यपुस्तकको रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको बनोट / निर्माण प्रक्रिया देखाउन ।

घ) ती पाठ्यपुस्तकको रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको अर्थ पत्ता लगाउनु ।

ङ) ती शब्दहरूको आवृत्ति पत्ता लगाउनु ।

**अध्ययनको औचित्य**

यस शोध कार्यमा कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकको रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको व्यवस्थित अध्ययन गरिएको छ । यस शोधपत्रमा कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका संवाद वा रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको प्रयोग के-कति भएका छन्, ती शब्दहरूको निर्माण प्रक्रिया कस्ता छन्, ती शब्दहरू कुन शब्दवर्गका भन्ने कुराको खोजी गरिएको छ । कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको खोजी गरी अध्ययन विश्लेषण गर्नु नै यस शोधपत्रको औचित्य रहेको छ ।

तत्सम शब्द भन्नाले संस्कृतबाट जस्ताको त्यस्तै अर्थात रूप परिवर्तन नभई नेपाली भाषामा आएका भन्ने बुझिन्छ । यस्ता शब्दहरूका प्रयोगले कुनै पाठ अथवा विषयवस्तुलाई दुर्बोध्य र क्लिष्ट बनाउँछ। यस स्थितिमा कक्षा एघार र बाह्रमा अध्ययन गर्ने विद्यार्थीहरूलाई अध्ययन गर्न सहयोग पुग्छ भने अध्यापन गराउने शिक्षकहरूलाई मार्ग निर्देशन गर्ने कार्य यस शोधपत्रले गर्दछ । साथै कक्षा एघार । बाह्रको नेपाली पाठ्यक्रममा समावेश गरिएका रूपक विधामा प्रयुक्त तत्सम शब्दहरू के-कति मात्रामा प्रयोग भएका छन्, ती संवादहरू विद्यार्थी अनुकूल छन् छैनन् ती तत्सम शब्दहरू विदार्थीको स्तरअनुकूल छन् छैनन् भन्ने कुराको जानकारी यस शोधपत्रले दिएको छ । पाठ्यक्रम निर्माता तथा पाठ्यपुस्तक लेखक र अन्य सरोकारवालाहरूलाई समेत यस शोधकार्यले सहयोग गर्नेछ ।

यस शोध कार्यले कक्षा एघार र बाह्रमा अध्ययनरत विद्यार्थीहरूमा शब्दभण्डार सम्बन्धी ज्ञान विज्ञानका शब्दज्ञान अभिवृद्धि गर्ने तथा शिक्षकवर्गलाई समेत अध्यापन गर्न मार्गनिर्देश गर्ने भएकाले यो शोधकार्य औचित्यपूर्ण रहेको छ । विद्यार्थी र शिक्षकमा मात्र नभई पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माता, अन्य सरोकारवाला लगायत साहित्यप्रेमीहरू समेतलाई यस शोधपत्रले मार्ग निर्देशन गर्ने हुँदा यो शोधकार्य महत्वपूर्ण रहेको छ ।

**अध्ययनको परिसीमा**

यस शोधप्रस्ताव कार्यमा नेपालसरकार शिक्षामन्त्रालय पाठ्यक्रम विकासकेन्द्र अन्र्तगत जनकशिक्षा सामग्री केन्द्रद्वारा प्रकाशित कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकको रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययनमा मात्र केन्द्रित रहेको छ । यस शोधकार्यका सीमाहरू निम्नलिखित रहेका छन् :

क) रूपकहरूका तत्सम शब्दहरूको मात्र अध्ययन गरिएको छ ।

ख) रूपकहरूका तत्सम शब्दहरूको शब्दवर्ग, बनोट/व्युतपत्ति, र अर्थको मात्र अध्ययन गरिएको छ ।

**पारिभाषिक शब्दहरू**

तत्सम : संस्कृत भाषाबाट जस्ताको त्यस्तै अर्थात रूप परिवर्तन नगरी नेपाली भाषामा आएका शब्दहरू,

उपसर्गः आधारपदको अगाडि जोडिने अर्थ,

प्रत्यय : आधारपदको पछाडि जोडिने अर्थ,

समास : दुई शब्दहरू जोडिएर नयाँ शब्द निर्माण हुने प्रक्रिया,

द्वित्व : एउटै शब्द दोहोरिएर नयाँ शब्द निर्माण हुने प्रक्रिया,

**शोधपत्रको रूपरेखा**

प्रस्तुत शोधपत्रको रूपरेखा यसप्रकार रहेको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययनको प्रक्रिया र विधि

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : निष्कर्ष, सुझाव तथा उपयोगिता

सन्दर्भसूची

# अध्याय दुई

# पूर्व कार्यको समीक्षा र धारणात्मक संरचना

## पूर्व कार्यको समीक्षा

कुनै शोध कार्य गर्नु अगाडि त्यससँग सम्बन्धित के-कस्ता अनुसन्धानहरू भइसके वा छैनन् भन्ने कुराको पहिचान गरी अध्ययन गर्नु आवश्यक छ । अघिल्ला अनुसन्धानहरूले पछिल्ला अनुसन्धानलाई अध्ययन कार्य वा अनुसन्धान कार्य सम्पन्न गर्न मार्गनिर्देश गर्दछ । जसले अनुसन्धानको क्रममा आइपर्ने विभिन्न समस्याहरू समाधान गर्न सहयोग गर्दछ । त्यसैले अनुसन्धानकर्ताले पूर्व अध्ययन तथा अनुसन्धानहरूको अध्ययन गर्नु आवश्यक छ ।

प्रस्तुत शोधसँग सम्बन्धित अनुसन्धान निम्नअनुसार रहेका छन् :

दाहाल (२०६७) द्वारा शैक्षिक प्रयोजनका लागि *कक्षा एघारका सबैका नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन* शीर्षकमा जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो बर्षको पाठ्यांश नेपा.शि. ५९८ को प्रयोजनको लागि तयार पारिएको देखिन्छ । उक्त शोधपत्रमा निबन्धको सैद्धान्तिक स्वरूप, स्रोतका दृष्टिले शब्दहरूको वर्गीकरण, शब्द निर्माण प्रक्रिया, शब्दार्थ, पृष्ठ सङ्ख्या आदि उल्लेखित गरिएको पाइन्छ । निबन्धको सैद्धान्तिक स्वरूप, वर्गीकरण र तत्सम शब्दहरूको अध्ययन गर्नु मुख्य उद्देश्य रहको यस शोध कार्यमा पाठ्यपुस्तक विधि, शिक्षक निर्देशिका, तथा शिक्षकका सुझाव आदि विधि अपनाइएको पाइयो । यो शोधकार्य एक महत्वपूर्ण स्रोत सामग्रीको रूपमा रहेको छ (दाहाल, २०६६ पृ. ५७) ।

यादव (२०७०) मा *स्नातक तह प्रथम वर्षको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन* शीर्षकमा जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो बर्षको पाठ्यांश नेपा.शि. ५९८ को प्रयोजनको लागि तयार पारिएको देखिन्छ । उक्त शोधपत्रमा निबन्धको सैद्धान्तिक स्वरूप, स्रोतका दृष्टिले शब्दहरूको वर्गीकरण, शब्द निर्माण प्रक्रिया, शब्दार्थ, पृष्ठ सङ्ख्या आदि उल्लेखित गरिएको पाइन्छ । निबन्धको सैद्धान्तिक स्वरूप, श्रोतका दृष्टिले शब्दहरूको वर्गीकरण र तत्सम शब्दहरूको अध्ययन गर्नु मुख्य उद्देश्य रहको यस शोध कार्यमा पुस्तकालय विधि, पाठ्यपुस्तक विधि, र विश्लेषण विधि अपनाइएको पाइयो । यो शोधकार्य महत्वपूर्ण

अनुसन्धानको रूपमा रहेकाले पछिल्ला अनुसन्धान कार्यका लागि पनि स्रोत सामग्रीको रूपमा लिन सकिन्छ (यादव, २०७० पृ. ५४)।

बस्नेत (२०७१) द्वारा *स्नातक तह अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू* शीर्षकमा शिक्षाशास्त्र संकाय, जनता बहुमुखी क्याम्पस, नेपाली विभाग अन्तर्गत एम.एड. दोस्रो बर्षको नेपा.शि. ५९८ पाठ्यांशको आंशिक आवश्यकता परिपूर्तिका लागि शोधपत्र तयार पारेको पाइन्छ। उक्त अध्ययनमा *स्नातक तह* को अनिवार्य नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयोग गरिएका तत्सम शब्दहरूको अध्ययनका साथै कथा विधामा उपसर्ग / प्रत्यय, र समास द्वित्व शब्दहरूको वारेमा उल्लेख गरिएको छ। तत्सम शब्दहरूको वर्गीकरण, विश्लेषण, उपसर्ग र प्रत्यय शब्दहरूको निर्माण प्रक्रिया, र समास र द्वित्व शब्दहरूको निर्माण प्रक्रियाको अध्ययन गर्नु मुख्य उद्देश्य रहको यस शोध कार्यमा पुस्तकालय विधि, पाठ्यपुस्तक विधि, र विश्लेषण विधि अपनाइएको पाइयो। यो शोधकार्य महत्वपूर्ण अनुसन्धानको रूपमा रहेकाले पछिल्ला अनुसन्धान कार्यका लागि पनि स्रोत सामग्रीको रूपमा लिन सकिन्छ (वस्नेत, २०७१ पृ. ४४)।

खड्का (२०६७) द्वारा *कक्षा एघारको सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन* शीर्षकमा स्नातकोत्तर उपाधि हासिल गर्ने प्रयोजनका लागि शोधकार्य सम्पन्न भएको पाइन्छ। उक्त अध्ययनमा कक्षा ११ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयोग गरिएका तत्सम शब्दहरूको अध्ययन साथै अर्थ, व्युत्पत्ति, पाठ र पृष्ठ सङ्ख्या समेत उल्लेख गरिएको छ। यस्को मुख्य उद्देश्य कथाको सैद्धान्तिक स्वरूपको चर्चा गर्नु, स्रोतका दृष्टिले शब्दहरूको वर्गीकरण गर्नु र कथा विद्यामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गर्नु रहेका छन्। उक्त  शोधकार्यमा पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि र विश्लेषण विधि अपनाइएको पाइयो। यो शोधकार्य महत्वपूर्ण अनुसन्धानको रूपमा रहेकाले पछिल्ला अनुसन्धान कार्यका लागि पनि स्रोत सामग्रीको रूपमा लिन सकिन्छ (खड्का, २०६७ पृ. ९२)।

**पूर्वकार्यको उपयोगिता/कार्यान्वयन**

कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन शीर्षकको शोधकार्यले कक्षा एघार र बाह्रमा अध्ययनरत

विद्यार्थीवर्गमा शब्दभण्डार सम्बन्धी ज्ञान अभिवृद्धि गर्नुका साथै अध्यापनरत शिक्षक वर्गमा समेत सहयोग पुऱ्याउने भएकाले उक्त शीर्षकमा केन्द्रित रही तत्सम शब्दहरूको अध्ययन गर्नु आवश्यक ठानिएको छ। शोधकार्यलाई प्रभावकारी तथा उपलब्धिमूलक तरिकाले सम्पन्न गर्नका लागि पूर्व अनुसन्धानहरूको पनि महत्वपूर्ण भूमिका रहने भएकाले पूर्व अनुसन्धानहरूको पनि अध्ययन गर्नु आवश्यक छ। पूर्व अनुसन्धानहरूले अनुसन्धानकर्तालाई अनुसन्धान कार्य गर्न मार्ग निर्देश गर्ने भएकाले यसको अध्ययनको उपयोगिता रहेको छ।

गोमाकुमारी खड्काले शब्दहरूको अध्ययनको क्रममा जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत शिक्षाशास्त्र सङ्काय नेपा.शि. ५९८ को प्रयोजनका लागि कक्षा एघारको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन शीर्षकमा अनुसन्धान सम्पन्न गरेकी छिन्। उक्त शोध कार्यमा तत्सम शब्दहरूको अर्थ, व्युत्पत्ति, पाठ र पृष्ठ सङ्ख्या उल्लेख गरेकी छिन्। त्यसैगरी शान्ता दाहालले कक्षा एघारको सबैको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन शीर्षकमा केन्द्रित रही उक्त पाठ्यपुस्तकको प्रत्येक निबन्धमा प्रयोग भएका तत्सम शब्दहरूलाई सङ्ख्यात्मक रूपमा संकलन गरी, तत्सम शब्दको बारेमा गहिरिएर अध्ययन गरी अनुसन्धानका लागि महत्वपूर्ण स्रोत सामग्रीको रूपमा पछिल्ला अनुसन्धानकर्तालाई दिएकी छिन्। त्यसैगरी नारायण बस्नेतले स्नातक तहको अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन गरेको पाइन्छ। उक्त शोधपत्र तत्सम शब्दहरूको शब्दवर्ग, निर्माण प्रक्रिया, शब्दहरूको अर्थ, पृष्ठ र पाठ सङ्ख्या समेत उल्लेख गरी अनुसन्धान सम्पन्न गरेका छन्। त्यसैगरी बैद्यनाथ यादवले स्नातक तह प्रथम वर्षको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन शीर्षकमा अध्ययन गरेको देखिन्छ। उक्त शोधपत्रमा निबन्धको सैद्धान्तिक स्वरूप, स्रोतका दृष्टिले शब्दहरूको वर्गीकरण, शब्द निर्माण प्रक्रिया, शब्दार्थ, पृष्ठ सङ्ख्या आदिसमेत उल्लेख गरी अनुसन्धान सम्पन्न गरेका छन।

यी माथिका अनुसन्धानहरूले सम्बन्धित तहका विद्यार्थी तथा शिक्षकवर्गमा शब्दभण्डार सम्बन्धी ज्ञान अभिवृद्धि गर्न सहयोग पुग्नुका साथै पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखक तथा अन्य सरोकारवालाहरू समेतलाई शब्दभण्डार सम्बन्धी ज्ञान

अभिवृद्धि गर्दै शुद्ध र सचेत भाषा प्रयोग कर्ताका रूपमा अगाडि बढाउन मद्दत गर्नेछ । साथै पछिल्ला अनुसन्धानकर्तालाई मार्ग निर्देश गर्न सहयोग पुऱ्याउने छ ।

**सैद्धान्तिक/धारणात्मक संरचना**

यस अनुसन्धान तयार गर्न यस पूर्वका अनुसन्धानहरूलाई सूक्ष्म रूपमा अध्ययन गरिएको छ । यस अनुसन्धानलाई पूर्ण रूपमा तयार गर्न प्राडा पारसमणि भण्डारीको 'नेपाली गद्य र नाटक', 'प्रयोगात्मक शब्दकोश' र 'नेपाली बृहत् शब्दकोश'लाई आधार मानिएको छ । शब्द भनेको भाषाको सम्पत्ति हो । सम्पत्तिको समूह शब्दभण्डार हो । जसरी व्यक्तिको सम्पत्तिको भण्डार विभिन्न किसिमले सङ्गठित भएको हुन्छ । त्यसैगरी भाषाको शब्दभण्डार पनि विभिन्न किसिमले संरचित भएको हुन्छ । यस्ता शब्दभण्डारका शब्दहरूलाई विभिन्न आधारमा विश्लेषण गरिन्छ । यसमध्ये शब्दभण्डारको विश्लेषणका मुख्य आधारहरू व्युत्पत्ति, कार्य र स्रोत गरी तीनवटा छन् । व्युत्पति शब्दको बनोट, कार्यले त्यसको वाक्यात्मक कार्य र स्रोतले शब्द प्राप्त हुने ठाउँलाई जनाउछ (गौतम र अन्य: २०५९:१३०) । यिनै सैद्धान्तिक आधारहरू मध्ये यहाँ स्रोतगत आधार अपनाएर विश्लेषण गरिएको छ । यसका  साथै यस शोधपत्र तयार गर्नका लागि पूर्व अनुसन्धानहरूलाई सूक्ष्म रूपमा अध्ययन गरिएको छ । यस अनुसन्धानलाई पूर्ण रूपमा तयार गर्न 'नेपाली वृहत शब्दकोश', 'नेपाली शब्दसागर', 'नेपाली शब्दकोश' र 'कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तक'लाई आधार मानिएको छ ।

# अध्याय तीन
## अध्ययनको प्रक्रिया/विधि

### अध्ययनको संरचना

कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको सङ्ख्यात्मक खोज गरिएको हुनाले प्रस्तुत शोधपत्र सङ्ख्यात्मक प्रकृतिको रहेको छ। सङ्ख्यात्मक रूपमा तत्सम शब्दहरूको खोजी गरेर ती शब्दहरूको प्रकृति, बनोट, वर्ग, अर्थ, पाठको शीर्षक, पृष्ठ सङ्ख्या र विश्लेषण विधि अपनाएको छ।

### जनसङ्ख्याको नमूना

अनुसन्धान कार्य तथ्य, प्रमाण वा सामग्रीमा आधारित अध्ययन भएकाले निश्चित सामग्री अर्थात जनसङ्ख्याको अध्ययन विश्लेषणमा आधारित हुन्छ। यस शोधपत्रमा जनसङ्ख्याको रूपमा कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूलाई लिइएको छ।

### नमुना छनोट प्रक्रिया

अनुसन्धान कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्न तथ्य कुराहरूलाई जनसङ्ख्याको रूपमा लिनुपर्ने भएकाले उक्त कार्यका लागि सम्पूर्ण जनसङ्ख्यालाई छनोट गर्न नसकिने भएकाले सबैको गुणको प्रतिनिधित्व हुने गरी निश्चित समूहमा जनसङ्ख्याको छनोट गर्नुपर्ने हुन्छ। यस शोधकार्यमा कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूलाई जनजङ्ख्याको रूपमा लिई, पुस्तकालयीय विधि अपनाई सामग्री सङ्कलन गरिएको छ।

### तथ्याङ्क सङ्कलनका साधनहरू

यस शोधपत्रमा निम्न साधनहरूको प्रयोग गरिएको छ।

#### क) प्राथमिक स्रोत

यस शोधपत्रमा प्राथमिक स्रोतका रूपमा कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकलाई लिइएको छ।

**(ख) द्वितीय स्रोत :**

यस शोधपत्रमा द्वितीय स्रोतका साधनहरूको रूपमा शब्दकोशहरू, नेपाली भाषा व्याकरण, भाषा विज्ञानका पुस्तकहरू र अप्रकाशित शोधपत्रहरू र शिक्षक सुझाव तथा निर्देशनलाई लिइएको छ ।

**तथ्याङ्क सङ्कलन प्रक्रिया**

शोधकार्य सम्पन्नताका लागि तथ्याङ्क सङ्कलन गर्न निश्चित विधि र प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ । यस शोधपत्रमा पुस्तकालयीय विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । ती तत्सम शब्दहरूको अध्ययन तथा विश्लेषणका निम्ति नेपाली वृहत शब्दकोश र प्रयोगात्मक शब्दकोशको सहायताबाट सामग्री सङ्कलन गरिएको छ ।

**तथ्याङ्क विश्लेषण र व्याख्या**

कुनै पनि शोधपत्र तयार गर्दा तथ्याङ्क सङ्कलन पश्चात निश्चित नियम र विधिमा आधारित भई तथ्याङ्कको व्याख्या विश्लेषण गर्नुपर्ने हुन्छ । यस शोधपत्रमा कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको सङ्कलन गरी नेपाली वृहत शब्दकोश र अन्य सम्बन्धित पुस्तकहरूबाट तत्सम शब्दहरूको अर्थ, निर्माण प्रक्रिया, शब्दवर्गको स्थिति र तत्सम शब्दहरूको अवस्थाको अध्ययन विश्लेषण गरिएको छ । पाठगत आधारमा तत्सम शब्दहरूको सङ्ख्यात्मक वा वितरण र आवृत्तिको स्थितिलाई तालिकीकरण गरिएको छ ।

## अध्याय चार

## व्याख्या र विश्लेषण

संस्कृत भाषाबाट सोभै वा जस्ताको त्यस्तै रूप परिवर्तन नभई नेपाली भाषामा आएका शब्दहरू तत्सम शब्द हुन् । संस्कृतमा 'तत्' को अर्थ त्यो र 'सम्' को अर्थ समान भन्ने हुन्छ । यस अर्थमा तत् समान वा संस्कृत समान, नेपालीमा प्रयोग भएका शब्दहरू तत्सम शब्दहरू भन्ने हुन्छ । अरू भाषाबाट रूप नफेरी आफ्नो भाषामा आएर जस्ताको त्यस्तै चलेका शब्द तत्सम शब्द हुन् । प्रस्तुत शोधपत्रमा कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकमा समावेश भएका तीन ओटा रूपकहरूमा समावेश भएका तत्सम शब्दहरूको अध्ययन गरिएको छ ।

### कृषिशालामा एक दिन

विद्यार्थीहरूको एकआपसको छलफलपछि कुरा बुझाबुझ हुने र आफूले नबुझेका कुराहरू बुझ्न पाइने हुनाले रूपक विधा पाठ्युपुस्तकमा अनिवार्य हुन्छ । यस कृषिशालामा एक दिन संवादमा डोल्मा गुरुआमा, बद्री, म्हेन्दा, रामभरोस, हर्कध्वज र भगतसिह गरी छजनाको संवाद देखाइएको छ । अर्थशास्त्रमा स्नातकोत्तर र दशौं वर्ष अघिदेखि सरकारी जागिर खाइरहेका तर वर्तमान अवस्थामा कृषि पेसामा पनि संलग्न रहेका कृषकसँगको छलफलमा विद्यार्थीहरू सहभागी भएका छन् ।

यस पाठमा विद्यार्थीहरूले कृषक बद्रीसँग विभिन्न किसिमका अन्तर्वार्ता वा छलफलबाट कृषिसम्बन्धी धेरै कुराहरू सिकेका छन् । औषधी कसरी बनाउने, मल कसरी बनाउने, बोटविरुवा कसरी रोप्ने, भर्खरै रोपेको बेर्नालाई किन पातपतिङ्गर हाल्ने जस्ता कृषि सम्बन्धी धेरै कुरा विद्यार्थीहरूले जान्ने छन् । त्यस्तै विद्यार्थीले विषादीको प्रयोगले मानव स्वास्थ्यमा नराम्रो असर गर्छ । त्यसैले हामील् अर्गानिक कृषि उत्पादन गर्नु राम्रो हुन्छ भन्ने विषयमा बद्रीबाट सिकेका छन् ।

कृषिशालामा एक दिन पाठबाट विद्यार्थीले हाम्रा परम्परागत ज्ञान र अनुभवलाई जोगाउनुपर्ने छ भन्ने भाव पैदा हुन्छ । यसका साथै नेपालमा करिब दुईतिहाई जनसंख्या कृषिमा आश्रित रहेछन् भन्ने ज्ञान पनि पनि प्राप्त गरेका छन् । पढेर जागिर नै खानुपर्छ भन्ने भावनालाई तोड्दै कृषितिर आकर्षित हुन यस पाठले सिकाएको छ । विद्यार्थीले कृषिशाला भनेको ज्ञानशाला पनि रहेछ भन्ने ज्ञान विद्यार्थीले थाहा पाउने छन् ।

कृषिशालामा एक दिन शीर्षकको रूपक (संवाद)मा प्रयुक्त तत्सम शब्दहरूको वर्ग, व्युत्पत्ति, अर्थ र पृष्ठ निम्नअनुसार तालिकामा समावेश गरिएको छ ।

तालिका नं. १ :कृषिशालामा एकदिन

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृष्ठ |
|---|---|---|---|---|
| अर्थशास्त्र | नाम | अर्थ+शास्त्र | अर्थ वा धनसम्बन्धी शास्त्र, कुनै पनि वस्तुको उत्पादन,वितरण, सेवा विनिमय जस्ता आर्थिक गतिविधिसँग सम्बन्धित सिद्धान्तको अध्ययन वा तत्सम्बन्धी विद्या | १४० |
| अध्ययन | नाम | अधी+इ+अन | पठन पाठन, पढाइ,विधिपूर्वक गुरुद्व ज्ञान आर्जन गर्नु | १४० |
| अन्ततः | नाम | अन्त+तः | अन्त्यमा आखिरमा | ,, |
| अस्तित्व | ना | अस्ति+त्व | कुनै पनि वस्तु, व्यक्ति आदि छँदा वा रहँदाको स्थिति हुनु वा रहनुको स्थिति, सत्ता विद्यमान | १४३ |
| अमृत | ना | अ+मृत | पिएपछि अमर भइन्छ भन्ने विश्वास, शरीरको एक किसिमको काल्पनिक पेय । | १४३ |
| अवसर | ना | अव+सर | कुनै पनि काम गर्नका लागि अनुकूल मौका | १४३ |
| अन्न | ना | अत्+त | धान, मकै, गहुँ आदि खाद्यवस्तु दानादार खाद्यान्न, अनाज | १४३ |
| अधिकांश | वि | अधिक+अंश | प्रायजसो बहुसंख्यक अधिकत्तर | १४३ |
| अनुमान | ना | अनु+मान | कुनै पनि वस्तु विषय वा हिसाबबारे गरिने प्राक्कल्पना वा अन्दाज, यस्तो उस्तो होला वा यति उति, | १४४ |

| | | | | |
|---|---|---|---|---|
| अनगिन्ति | वि | अन+गिन्ति | गन्ति गरिने अन्दाज अड्कल भन्न नसकिने गनेर नभ्याइने असंख्य | १४४ |
| अत्यधिक | वि | अति+अधिक | अति, बढी, ज्यादै | १४४ |
| अनुहार | ना | अनु+हार | मुख मुखमण्डल, चेहरा | १४५ |
| अनुसन्धान | ना | अनु+सन्धान | कुनै कुराको खोज, जाँचबुझ, छानविन, जाँच, पडताल । | १४५ |
| अध्यक्षता | ना | अध्यक्ष+ता | पढाउने गुरु वा शिक्षक अध्यापक | |
| आराम | ना | आ+राम | थकाइ मार्न सुस्ताउने काम, थकान हटाउने काम, विश्राम | १४० |
| आकर्षित | वि | आ+कृष्+अन् | तानिएको, खिचिएको | १४० |
| आवश्यक | वि | अवश्य+क | चाहिने, चाहिएको, खाँचो भएको जरुरी | १४१ |
| आनन्द | ना | आ+नन्द | मनमा अनुभव हुने खुसीयाली, हर्ष, प्रशन्नता, सुख | १४२ |
| आच्छादन | ना | आ+छादन | छोप्ने वा ढाक्ने काम, ढाकछोप, कुनै चिजलाई छोप्ने वस्तु | १४४ |
| आदर्श | ना | आ+दृश्+अ | विचार,सिद्धान्त व्यवहार, आनीबानी स्वभाव रूपरङ्गादिको अनुकरणीय पक्ष । | |
| अनेक | वि | अन्+एक | एकभन्दा बढी, धेरै, थुप्रै | १४५ |
| असङ्ख्य | वि | अ+संख्या+य | गन्ति गर्न नसकिने, अनगिन्ती | |
| अन्य | वि | | अर्को, अरु | |
| आराम | ना | आ+राम | थकाइ मार्न सुस्ताउने काम, थकान हटाउने काम, विश्राम | १४० |
| आकर्षित | वि | आ+कृष्+अन् | तानिएको, खिचिएको | १४० |
| आवश्यक | वि | अवश्य+क | चाहिने, चाहिएको, खाँचो भएको जरुरी | १४१ |
| आनन्द | ना | आ+नन्द | मनमा अनुभव हुने खुसियाली, हर्ष, प्रशन्नता, सुख | १४२ |
| आच्छादन | ना | आ+छादन | छोप्ने वा ढाक्ने काम, ढाकछोप, कुनै चिजलाई छोप्ने वस्तु | १४४ |

| | | | | |
|---|---|---|---|---|
| आदर्श | ना | आ+दृश्+अ | विचार, सिद्धान्त व्यवहार, आनीबानी स्वभाव रूपरङ्गादिको अनुकरणीय पक्ष । | १४४ |
| कृषिकर्म | ना | कृषि+कर्म | खेती किसानी | |
| कर्मचारी | ना | कर्म+चारी | सरकारी वा गैरसरकारी संस्थामा तलव पाउने गरी कुनै कामका लागि नियुक्त गरिएको व्यक्ति, कारिन्दा | |
| कृषिशाला | ना | कृषि+शाला | खेतीजन्य सामग्री राख्ने ठाउँ वा बस्ने कृषक बस्ने घर | |
| कृषिजन्य | वि | कृषि+जन्य | खेतीबाट उत्पन्न हुने, कृषकले जन्माउने | |
| उपज | ना | उपज्+अ | खेतबारीबाट हुने उत्पादन उब्जनी अन्न बालीनाली, फलफूल | १४१ |
| औषधी | नाम | | विरामीको रोग निको पार्न प्रयोग गरिने वा खुवाउने वस्तु, दवाई, ओखती, जडीबुटी | ,, |
| कार्य | ना | कृ+अ | कसैले गरेको काम काज, क्रिया | १४० |
| कृषक | ना | कृष्+अक | खेतीपाती गर्ने व्यक्ति किसान, खेतीबाली | १४१ |
| आयआर्जन | ना | | आम्दानी बढाउने काम, आयको वृद्धि | १४५ |
| आश्रित | वि | आ+श्रित | आश्रय वा भरोसामा रहेको शरणार्थी | १४५ |
| उत्पादन | ना | उत्+पाद्+अन् | उब्जाउने वा उत्पादन गर्ने काम | १४० |
| खाद्यान्न | ना | खाद्य+अन्न | खाइने अन्न, धान,मकै, गहुँ आदि खाद्यवस्तु | १४३ |
| खाद्यपदार्थ | ना | | खाने चिज, खाने कुरा | १४४ |
| गति | ना | गम्+क्ति | हिँडाइ, गमन, चाल, वेग | १४३ |
| जैविक | वि | जीव+इक | सुन, चाँदी, अक्सिजन, हावा आदि पदार्थ | १४१ |

| | | | | |
|---|---|---|---|---|
| जीवन | ना | जीव्+अन | प्राणीको जन्मदेखि मृत्युसम्मको आयु, जिन्दगी | १४२ |
| तत्व | ना | तत्+त्व | जीवनबाट प्राप्त हुने जीव सम्बन्धी जीवनको | १४२ |
| जैविक | विशेषण | जीव+इक | जीवनबाट प्राप्त हुने जीव सम्बन्धी जीवनको | १४१ |
| दिन | ना | सम्बन्ध दिने | सूर्य उदाएपछि नअस्ताउनेसम्मको समयावधि | १४० |
| धन्यवाद | ना | धन्य+वाद | असल काम वा आफूलाई हित हुने काम गरेवापत कसैलाई कृतज्ञता ज्ञापन गरिने साधुवादी शब्द | १४५ |
| नमस्कार | ना | नमः+कार | कसैलाई शिर झुकाएर, हात जोडेर वा हात उठाएर गरिने अभिवादन, प्रणाम | १४० |
| नियन्त्रण | ना | नि+यन्त्र+अन् | निर्धारित ऐन वा  नियमानुसार कुनै कार्य वा गतिविधिको सञ्चालन, व्यवस्थापन वा नियमन गर्ने काम( कण्ट्रोल) | १४३ |
| नियम | ना | नि+यम् | व्यक्ति, समाज, संस्था आदिका गतिविधिलाई ठिकसँग सञ्चालन र व्यवस्थापन गर्न बनाइएका नीति वा सिद्धान्त | १४४ |
| निर्माण | ना | निर्+मान् | कुनै वस्तुलाई आकारमा ढाल्ने काम, मूहुर्त रूप दिन काम | १४५ |
| निर्माता | वि | निर्+मा+ता | निर्माण तय रचना गर्ने, बनाउने, रचयिता, उत्पादक | १४५ |
| नीति | ना | नी+ति | लोकले लिनुपर्ने आचार व्यवहारको सही बाटो, कर्तव्य, आच. | १४५ |
| प्राकृतिक | वि | प्रकृति+इक | प्रकृति सम्बन्धी, प्रकृतिको | १४१ |

| | | | | |
|---|---|---|---|---|
| प्रतिनिधि | ना | प्रति+निधि | कुनै व्यक्तिको सट्टामा काम गर्न तोकिएको व्यक्ति | १४० |
| प्रतिस्पर्धी | वि | प्रतिस्पर्धा+ई | जान्ने इच्छाले कसैलाई केही सोध्नु, उत्सुकता मेटाउने सवाल | १४० |
| प्रश्न | ना | | कुनै पनि विषयको समस्या वा सोध्ने काम | |
| पोषण | ना | पुष्+अन् | पोषिलो वस्तु, खानेकुरा आदिले पोस्ने काम, पौष्टिक पदार्थ | १४१ |
| पदार्थ | ना | पद+अर्थ | ढुङ्गो माटो, काठ, धातु भौतिक वस्तु, खनिज तत्व, द्रव्य | १४१ |
| पर्यावरण | ना | परि+आवरण | कुनै वस्तु, व्यक्ति, विषयको वरिपरिको परिवेश वातावरण | १४१ |
| परन्तु | संयोजक | परम्+अन्तु | अघिल्लो कथनको विरोध जनाउन पछिल्लो वाक्यको अगाडि आउने एक प्रकारको संयोजक | १४२ |
| परिवार | ना | परि+वार | एउटै घरमा एकै भान्सामा खाने एउटै बाबुआमाका सन्तान | १४२ |
| प्रयोग | ना | प्र+योग | कुनै कुरालाई व्यवहारमा उपयोग गर्ने काम, व्यवहार | १४२ |
| प्रणाली | ना | प्र+नाली | दुई ठूला जलप्रवाहलाई जोड्ने सानो जलप्रवाह, नहर, कुलो | १४२ |
| प्राणी | ना | प्राण+ई | प्राण भएको वस्तु वा व्यक्ति, जीवधारी, प्राणधारी | १४४ |
| परम्परागत | वि | परम्परा+गत | परम्परादेखि निरन्तर रूपमा चलेको, पहिलेदेखि चलेको | १४० |
| प्रबर्द्धन | ना | प्र+वृध+अन | कुनै वस्तुलाई सानोबाट ठूलो पार्ने काम | १४० |
| भावना | ना | भो+अन्+आ | वर्तमान पछिको समय, आगामी बेला | १४५ |

| | | | | |
|---|---|---|---|---|
| भौगोलिक | वि | भूगोल+इक | मनमा उत्पन्न हुने संवेग, मनोभाव, कल्पना, अनुभूति | १४२ |
| प्रचुर | वि | प्र+चुर | प्रसस्त, छेलो खेल्ने, थुप्रो | १४५ |
| महत्व | ना | महत्+त्व | कुनै कुराको विशेष उपयोगिता, आवश्यकता, महत्ता, जरुरत | १४२ |
| मानव | ना | मनु+अ | मनुका सन्तान, मान्छे, मानिस, मनुष्य | १४२ |
| मूल्य | ना | मूल्+य | कुनै सामान किनबेच गर्दा त्यसका लागि तोकिएको मोल | १४२ |
| मनोविज्ञान | ना | मनस् +विज्ञान | मनमा उब्जने भावना, मानसिक क्रिया प्रतिक्रिया,मनोदशाको अध्ययन गर्ने शास्त्र। | १४४ |
| मननीय | वि | मन्+अनीय | मनन गर्न लायक, चिन्तनीय विचारणीय | १४४ |
| योग्य | वि | युज्+य | राम्रो सीप तथा क्षमता भएको, योग्य हुने, जान्ने सिपालु | १४० |
| यति | ना | | पद्य वा गद्य पढ्दा पद, पदावली, वाक्य आदिका बीचको अडान | १४४ |
| रुचि | ना | रुच्+इ | खाने इच्छा, भोक, स्वाद | १४४ |
| रोमाञ्चित | वि | रोमाञ्च+इत | रोमाञ्च उत्पन्न भएको,आङ सिरिङ्ग भएको, हर्षित,पुलकित | १४२ |
| रस | ना | रस्+अ | तरल पदार्थ, झोल वा रसिलो वस्तु | १४३ |
| रोग | ना | रुज्+अ | शरीरमा हुने अवस्था विमार, व्यथा | ,, |
| रासायनिक | वि | रसायन+इक | रसायन सम्बन्धी, रसायनको | १४४ |
| रक्षा | ना | रक्ष्+आ | हानी, संकट वा समस्याबाट जोगाउने,सुरक्षा दिने,जोगाउने | ,, |
| विद्यार्थी | ना | विद्या+अर्थी | विद्याको चाहना राख्ने व्यक्ति, विद्या पढ्ने | १४० |
| विश्वकर्मा | ना | विश्व+कर्म+आ | घर भवनादि निर्माणका शिल्प वा वास्तुकलाका देवता | १४० |

| | | | | |
|---|---|---|---|---|
| विषय | ना | वि+सय | जुन कुरा जसको बारेमा वयान गरिन्छ, लेखिन्छ, पढिन्छ, व्यवहार | १४० |
| वर्ष | ना | | १२ महिनाको समय सो अवधि३३६ दिनको समयावधि साल | १४२ |
| वस्तु | ना | | पृथ्वी वा ग्रहमा पाइने जुनसुकै अलग पहिचान भएका भौतिक पदार्थ | १४५ |
| वैज्ञानिक | वि | विज्ञान+इक | विज्ञान सम्बन्धी, नयाँ कुराको खोजी गर्ने व्यक्ति | १४२ |
| वैकल्पिक | वि | विकल्प+इक | धेरै वस्तु, विषयादिबाट छान्न सकिने विकल्प भएको | १४२ |
| व्यक्तिगत | | | व्यक्तिसँग सम्बन्धित, व्यक्तिको निजी | १४२ |
| व्यापार | ना | वि+आ+पार | लाभका लागि सम्मान आदिको किनवेच, त्यसको धन्दा वा व्यवसाय, खरिद विक्री,वाणिज्य | १४२ |
| विविधता | ना | विविध+ता | विभिन्नता अनेकता | १४२ |
| विचार | ना | वि+चार | कुनै विषय समस्या आदिका बारेमा सोचिएको कुरा चिन्तन मनन् | १४३ |
| विषादि | ना | विष्+आदि | विष भएको वस्तु, विखालु चिज, तुल रसादि | १४४ |
| विदेश | ना | वि+देश | आफ्नो मुलुकभन्दा भिन्न मुलुक | १४२ |
| वैदेशिक | वि | विदेश+इक | विदेश सम्बन्धी, विदेशको, विदेशी | १४३ |
| विषेशतः | क्रि.यो. | विशेष+तः | खास गरी, विशेष गरेर | १४३ |
| व्यवस्थित | वि | व्यवस्था+इत | व्यवस्था मिलेको, उपयुक्त व्यवस्था अनुसारको | १४३ |
| विषाक्त | वि | विष+अक्त | विष मिसिएको, विषले भरिएको | १४४ |
| विषालु | वि | विष+आलु | खाँदा, छुँदा, सुँगदा वा लगाउँदा हानी पुऱ्याउने | १४५ |
| वातावरण | ना | वात+आवरण | आफू वरिपरिको परिवेश, प्राणी, वनस्पतिलाई प्रभाव पार्ने वस्तु, आफू वरिपरिको वस्तु | १४५ |

| | | | | |
|---|---|---|---|---|
| स्नातकोत्तर | ना | स्नातक+उत्तर | स्नातक तहको उपाधि पाएपछिको शैक्षिक उपाधि | १४० |
| सेवा | ना | सेव्+आ | अशक्त, असहाय, वृद्ध, रोगीलाई गरिने हेरविचार सेवा | १४० |
| स्वभाव | ना | स्व+भाव | आप्नो पन, निजीत्व, निजीपन | १४१ |
| सार्थक | ना | स +अर्थ+क | अर्थ भएको, मतलव हुने अर्थपूर्ण | १४१ |
| सम्पूर्ण | वि | सम्+पूर्ण | सबै भएभरको जम्मा सारा | १४१ |
| स्रोत | ना | स्रुत्+अ | नदी, खोला आदिको मुहान, पानी निस्कने ठाउँ | १४१ |
| स्वदेश | ना | स्व+देश | आफ्नो मातृभूमि, आफ्नो देश | १४१ |
| सामान्य | वि | समान्+य | विशिष्ट गुण वा विशेषता नभएको | ,, |
| समृद्धि | ना | सम्+ऋद्धि | कुनै वस्तु, व्यक्ति आदिको रक्षा, हिफाजत गर्ने काम | ,, |
| संरक्षण | ना | सम्+रक्षण | प्रशस्त उन्नति, प्रगति | ,, |
| संसार | ना | सम्+सार | पृथ्वीको सम्पूर्ण भूभाग, विश्व, ब्रह्माण्ड | १४२ |
| सापेक्षित | वि | सापेक्ष+इत | सापेक्षिक-अपेक्षा गरिएको, चाहेको | १४२ |
| स्वस्थ | वि | स्व+स्थ | शारीरिक मानसिक रूपमा कुनै रोग नभएको, निरोगी | १४२ |
| सन्तान | ना | सम्+तान | छोराछोरी, नातिनातिना आनि सन्तति | १४२ |
| स्वास्थ्य | ना | स्वस्थ+अ | निरोगी हुँदाको अवस्था आरोग्य, आराम | १४२ |
| समस्या | ना | सम+स्या | समाधान गर्न गाह्रो, कुनै विषय, जटिल कुरा असजिलो | १४३ |
| सहअस्तित्व | ना | | समान अस्तित्व, आफू पनि बाँच्ने र अरुलाई पनि बचाउँ भन्न भावना | १४३ |
| श्रम | ना | मूलशब्द | कुनै वस्तु उत्पादन गर्दा वा केही काम गर्दा पर्ने शारीरिक परिश्रम | १४२ |

| | | | | |
|---|---|---|---|---|
| शारीरिक | वि | शरीर+इक | शरीर सम्बन्धी, शारीरिक | १४२ |
| श्रद्धेय | वि | श्रद्धा+इय | श्रद्धा गर्नुपर्ने आदर तथा सम्मान देखाउनुपर्ने पूज्य | १४२ |
| जिज्ञासा | द्धि | ज्ञा+स+आ | कुनै कुरा जान्ने वा बुझ्ने इच्छा ( ज्ञातुम् इच्छा) | १४२ |

कक्षा एघार पाठ दश कृषिशालामा एक दिन संवादभित्रका तत्सम शब्दको अध्ययन गर्दा जम्मा .१२९ ओटा तत्सम शब्दहरू रहेको पाइयो ।

प्रस्तुत कृषिशालामा एक दिन शीर्षकको संवादमा शोधपत्रका लागि छानिएका तत्सम शब्दहरूमध्ये आवृत्ति भएका शब्दहरू निम्ननुसार रहेका छन् :

तालिका नं २ : कृषिशालामा एक दिन

| शब्द | आवृत्ति सङ्ख्या |
|---|---|
| आराम | २ |
| आकर्षिक | २ |
| जैविक | २ |
| आराम | २ |

**जलस्रोत र ऊर्जा**

प्रस्तुत जलस्रोत र ऊर्जा शीर्षकको वक्तृतामा मिना अयर र राजन सार्थीले बोलेका छन् । यो पाठबाट विद्यार्थीले नेपाल विश्वको जलस्रोतमा दोस्रो देश हो भनी थाहा पाउने छन् र पहिलो देश ब्राजिल हो भन्ने पत्ता लगाउने छन् । त्यसैगरी यस पाठबाट नेपालमा बाह्रै महिना हिउँ परिरहने, निरन्तर नदी बगिरहने र भिरालो भौगोलिक बनोट भएका कारण ८३ हजार मेघावाट ऊर्जा उत्पादन गर्ने सामर्थ्य नेपाली जलस्रोतमा सुरक्षित छ भन्ने कुरा थाहा पाएका छन् । वि.सं. १९६८ मा फर्पिङमा चन्द्रज्योति नामक ५०० किलोवाटको जलविद्युत आयोजनाबाट सुरु भएको विद्युतीकरणको अभियान हाल करिब १५०० मेघावाट आयोजना सञ्चालन छ भन्ने बुझेका छन् ।

जलस्रोत र ऊर्जा शीर्षकको संवादबाट प्रकृतिका काखमा रहेका हजारौं नदीनालाले नेपालको सौन्दर्यलाई बढाएको छ। नेपाललाई सेतो सुनको रूपमा जलस्रोतलाई लिने हो भने नेपाल विश्वको धनी देश बन्ने छ। तर जलस्रोतलाई सही सदुपयोग गर्न सकिएको छैन। त्यसैले हामीले डिजिटल प्रविधिको युगमा विद्युत बिक्री सकिन्छ भन्ने ज्ञान विद्यार्थीले पाएका छन्। यस पाठबाट हामीले जलस्रोतलाई सही सदुपयोग गर्ने हो भने मरुभूमिका भेडा चराउन जानु पर्दैन वा वैदेशिक रोजगारमा पलायन हुनु पर्दैन भन्ने सन्देश यस पाठबाट विद्यार्थीले पाएका छन्।

यस्ता किसिमका पाठबाट विद्यार्थीहरूले आफ्नो देशमा भएका विभिन्न किसिमका ऊर्जाहरूको विषयमा पनि थाहा पाउने छन् र उनीहरूलाई बौद्धिक क्षमतामा वृद्धि हुनेछ।

जलस्रोत र ऊर्जा शीर्षकको वक्तृता (रूपक)मा प्रयुक्त तत्सम शब्दहरूको वर्ग, व्युत्पत्ति, अर्थ र पृष्ठ निम्नअनुसार तालिकामा समावेश गरिएको छ।

तालिका नं. ३ : .जलस्रोत र ऊर्जा

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृष्ठ |
|---|---|---|---|---|
| अभियान | ना | अभि+यान | सामाजिक लक्ष प्राप्तिका लागि सञ्चालन गरिने विशेष कार्य वा त्यस्तो गतिविधि | १६६ |
| अध्ययनरत | वि | अध्यय+रत | अध्ययनमा लागेको, तल्लीन भएको | १६६ |
| अवस्था | ना | अव+स्था | कुनै कार्य घटना आदिको स्थिति | १६८ |
| अतिरिक्त | वि | अति+रिक्त | रहेको वा भएकोमा थप | ,, |
| अर्थतन्त्र | ना | अर्थ+तन्त्र | आर्थिक अवस्था वा प्रणाली उत्पादन, व्यापार र मुद्रा सम्बन्धी व्यवस्थाको आपसी सम्बन्ध, अर्थव्यवस्था | १६८ |
| अजस्र | वि | | अटुट, निरन्तर, लगातार | १६९ |

| | | | | |
|---|---|---|---|---|
| अलौकिक | वि | अ+लौकिक | यस लोकमा नभएको वा नपाइने | १६८ |
| अपार | वि | अ+पार | पार पाउन नसकिने, असीमित, विप.पार | १६९ |
| अटल | वि | अ+तल | स्थिर, निश्चल, अडिक | १७० |
| आभार | नाम | आ+भार | कसैको कार्य वा गुणप्रति दर्शाइने कृतज्ञता, अनुग्रहको भाव | १६८ |
| आदरणीय | वि | आ+दृ+अन्+ईय | आदर गर्न लायक, सम्मान योग्य | १६६ |
| आयोजना | ना | आयोजन्+आ | विशेष कार्यक्रमका लागि गरिने बन्दोवस्त, प्रबन्ध, आयोजना | १६७ |
| आधुनिक | वि | अधुना+इक | अहिलेको, आधुनिक, वर्तमान, अद्यतन | ,, |
| आत्मनिर्भर | वि | मूल शब्द | आत्मनिर्भर भएको अवस्था स्वावलम्बन, स्वावलम्ब बानी | १६८ |
| आधार | ना | आ+धृ+अ | भित्रको, भित्री कुनै वस्तु अडिने वा रहने ठाउँ,जग, टेको | १६८ |
| आयोजित | ना | आय+योजित | आयोजना गरिएको, बन्दोवस्त वा प्रबन्ध | १६९ |
| आर्थिक | वि | अर्थ+इक | धनसम्पत्ति सम्बन्धी, धनको कारोवारसँग सम्बन्धित | १६६ |
| इच्छाशक्ति | ना | इच्छा+शक्ति | आफूभित्रबाट उब्जने उत्साह, आत्मशक्ति, आत्मबल | १६६ |
| उर्जा | ना | | इन्धन र अन्य प्राकृतिक वा निर्मित स्रोतबाट प्राप्त शक्ति | १६६ |
| उक्त | वि | उच्+क्त | भनिएको वर्णन गरिएको | १६६ |
| उपस्थिति | ना | उप+स्थित+इ | सामुन्ने रहेको, प्रत्यक्ष देखिएको | १६६ |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थिति, उपस्थित हुने काम | |
| उपलब्ध | वि | उपलब्ध्+अ | पाइएको, हासिल गरिएको प्राप्त | १६७ |
| उद्योग | ना | उत्+योग | कुनै सामान उत्पादन गर्ने कारखाना | १६७ |
| उन्नति | ना | उत्+नति | विकास भएको अवस्था, उन्नत स्थिति, विकास संमृद्धि, प्रगति | १६७ |
| उर्वरा | वि | उर्वर्+आ | बढी उब्जनी हुने, मलिलो, उब्जाउ, उर्वर | १६७ |
| उत्पादित | वि | उत्+पाद्+इत | उत्पादन गरिएको, उब्जाइएको, तुल्याइएको,बनाइएको | १६७ |
| उपभोग | ना | उप+भोग | आफ्नो हित वा आनन्दका लागि कुनै वस्तु वा सेवालाई प्रयोग गर्ने काम | १६९ |
| उर्वर | वि | | धेरै उब्जनी हुने, मलिलो उब्जाउ जमीन | १७० |
| उपयोगिता | ना | उपयोगी+ता | उपयोगी हुने अवस्था, उपयोग हुँदाको फाइदा, व्यवहारमा प्रयोग गर्दा हुने  लाभ | १७० |
| कारण | ना | कृ+अन | घटना वा कार्य उत्पन्न गर्ने तत्व, कुनै परिणाम वा प्रभावको हेतु | |
| केवल | क्रि.यो | | त्यही मात्र खाली | १६७ |
| कञ्चन | ना | | सफा, स्वच्छ, सङ्लो | १६९ |
| कर्मयोग | ना | कर्म+युज्+अ | कुनै असल काम वा शुभ कामर्यमा तल्लीनता, कर्मनिष्ठता, कर्तव्य निष्ठता, कर्मद्वारा प्राप्त गरिने योग | १६९ |

| | | | | |
|---|---|---|---|---|
| कार्यक्रम | नाम | कार्य+क्रम | विशेष गतिविधि समारोह उत्सव | १७० |
| गण्डकी | ना | गण्डक्+ई | नेपालको मध्य पश्चिम क्षेत्रमा बग्ने प्रसिद्ध नदी | १७० |
| गन्तव्य | ना | गम्+तव्य | जानुपर्ने वा पुग्नुपर्ने ठाउँ | १६७ |
| चन्द्रज्योति | ना | चन्द्र+ज्योति | चन्द्रमाको प्रकाश, ज्योति, उज्यालोपन | १६६ |
| चमत्कारी | ना | चमत्कार+ई | चमत्कार गर्ने, चमत्कार देखाउने आश्चर्यजनक | १६९ |
| जलस्रोत | ना | जलस्रोत्+अ | पानीको मूल, खोला, नाला, तलाउ | १६६ |
| दश | वि | दश्+अ | गन्तिमा नौ भन्दा पछि आउने संख्या दश अंक (१०) | १६६ |
| दृष्टि | ना | दृश्+क्ति | हेर्ने काम, हेराई अवलोकन | १६६ |
| द्रुततर | वि | द्रुत+तर | अझै छिटो, केही बढी छिटो, झन् छिटो, अझै चाँडो | १६६ |
| दोहन | ना | दुह्+अन | दुहुने काम, दुहाइ, कसैबाट विभिन्न किसिमको फाइदा लिने काम, बढीभन्दा बढी उपयोग । | १६६ |
| दैनिकी | वि | दिन+इक | दिनसँग सम्बन्धित, प्रत्येक दिनको | १६८ |
| देश | ना | | राज्य, राष्ट्र मुलुक | १६६ |
| धनी | वि | धन+ई | धेरै धन हुने, धनवान, धनाढ्य, सेठ, धन भएको, विप.गरिब | १६६ |
| निर्णायक | वि | निर्+नि+अक् | निर्णय दिने निधा गर्ने, निर्णायक मण्डल | १६६ |
| निकाय | ना | नि+काय | कुनै संस्था, त्यसको एकाइ वा कार्यालय | १६७ |

| | | | | |
|---|---|---|---|---|
| निर्यात | ना | निर्+यात | एक देशबाट कुनै सामान अर्को देशमा पठाउने काम, निकासी विप.आयात् । | १६९ |
| निरन्तर | वि | निर्+अन्तर | गति नछुटेको सधैँ भइरहने, अटुट, नित्य लगातार बारम्बार | १६७ |
| निष्पक्ष | वि | निस् +पक्ष | कसैको पक्षमा नरहेको, पक्षपात नगरिएको | १६७ |
| न्यूनीकरण | ना | न्यून+ई+करन | थोरै पार्ने काम, कम गर्ने प्रक्रिया | १६९ |
| प्रतियोगिता | ना | प्रतियोगी+ता | योग्यता कुशलताको आधारमा गरिने जितहारको प्रतिस्पर्धा, पक्षविपक्ष भएर गरिने होडबाजी | १६६ |
| प्रतियोगी | वि | प्रतियोग्+ई | प्रतियोगिता वा प्रतिस्पर्धामा भाग लिने व्यक्ति | १६६ |
| प्रविधि | ना | प्र+विधि | विज्ञानका कुरालाई व्यवहारमा प्रयोग गर्ने पद्धति वा तौरतरिका, विधि | १७० |
| प्रतिनिधि | ना | प्रति+निधि | प्रतिस्पर्धा गर्ने, जित्न खोज्ने, प्रतिद्वन्द्वी | १६८ |
| प्रभावित | वि | प्रभाव+इत | कुनै वस्तु, व्यक्ति, परिवेशादिको प्रभाव परेको ठाउँ | १६८ |
| परिभाषित | वि | परिभाषा+इत | परिभाषा गरिएको, राम्ररी स्पष्ट पारिएको आदि | १६८ |
| पर्यटन | नाम | परि+अट्+अन | महत्वपूर्ण प्राकृतिक, सांस्कृतिक स्थलको भ्रमण गरी मनोरन्जन लिने काम | १६८ |
| पर्यटकीय | वि | पर्यटक+ईय | पर्यटकका लागि उपयुक्त, पर्यटक सम्बन्धी | १६७ |

| | | | | |
|---|---|---|---|---|
| पृथ्वी | ना | पृथु+ई | मानिस तथा अन्य विभिन्न जीवजन्तु रहेकै सौर्य मण्डलको एक ग्रह जस्तो | १६८ |
| प्रसस्त | वि | प्र+शस्+त | धेरै, पर्याप्त, यथेष्ट, मनग्गे | १७० |
| भविष्य | ना | भू+(इ) स्य | विकास निर्माण, उद्योग आदिको स्थापनाका लागि आवश्यक पर्ने वस्तु, सीप, ज्ञान र भौतिक संरचना | १७० |
| भौगोलिक | वि. | भूगोल+इक | भूगोल वा पृथ्वी सम्बन्ध | १६७ |
| भण्डार | ना | | भाँडा र अन्य सामान सुरक्षित राख्ने भित्री कोठा,भण्डार | १६८ |
| महत्वाकाङ्क्षी | वि | महत्वकाङ्क्षा+ई | महत्वाकांक्षा राख्ने, ठूलो हुने रहर गर्ने | १६८ |
| मञ्च | ना | | नाटकादि प्रदर्शन गर्नका लागि बनाइएको अग्लो विशेष ठाउँ | १६६ |
| मण्डल | ना | मण्ड+ल | ग्रह आदिको समूह | १६६ |
| मुक्त | वि | मुच्+क्त | कसैको अधिन वा बन्धनबाट छुटेको,फुक्का भएको स्वतन्त्र | १६७ |
| मनोरन्जन | ना | मनस् +रन्जन | मन प्रशन्न हुने वा मन बहलाउने कार्य,मनोविनोद आदि | १६८ |
| मुक्ति | ना | मुच्+क्ति | सङ्कट, समस्या आदिबाट छुट्कारा | १६८ |
| मित्र | ना | मि+त्र | साथी दौतरी, संगाती, सखा | १६८ |
| मन्तव्य | ना | मन्+तव्य | कुनै विषयमा व्यक्त गरिएको विचार, राय सम्मति | १६८ |
| मुख्य | वि | मुख्+य | बढी महत्वको, महत्वपूर्ण, प्रधान, खास | १६९ |

| | | | | |
|---|---|---|---|---|
| मूल | ना | | बोट विरुवाको जरा वा जरामा फल्ने कन्ध | १६६ |
| मौनता | ना | मौन+ता | मौन हुँदाको अवस्था, नबोली बसेको स्थिति | १६९ |
| मौन | वि | | नबोल्ने वा चुप लाग्ने काम | १६९ |
| वक्तृत्व | ना | वक्तृ+त्व | बोलीको कौशल, वाक्पटुता, वाक्कला, भाषणकला,वक्तृता | १६९ |
| वक्ता | ना | वच्+क्ता | बोल्ने व्यक्ति, भाषण गर्ने व्यक्ति | १७० |
| विद्यालय | ना | विद्या+आलय | विद्यार्थीलाई पढाउने सुविधा भएको शैक्षिक संस्था | १६६ |
| विषयक | वि | विषय+क | विषय सम्बन्धी, विषयको | १६६ |
| विशिष्ट | वि | वि+शिष्ट | सबैभन्दा माथिल्लो स्तरको | १६६ |
| विशाल | वि | वि+शाल | आकारका दृष्टिले धेरै फैलिएको, ठूलो आकार बडेमाको | १६६ |
| विद्युत | ना | वि+द्युत् | मेघ गर्जँदा आकाशमा चम्कने चम्किलो ज्योति, ताप उर्जाशक्ति | १६७ |
| विभिन्न | वि | वि+भिन्न | धेरै थरीको अनेक | १६७ |
| वर्षाद् | ना | वर्ष+आ | आकाशबाट पानी पर्ने काम वर्षाद् वृष्टि | १६७ |
| विदेशी | वि | विदेश्+ई | अर्को देशमा रहेको वा बनेको अर्को देशको | १६७ |
| विहार | ना | वि+हार | बौद्धहरूको मन्दिर आदि भएको ठाउँ | १६८ |
| विराजमान | वि | वि+राजमान | आसनमा राम्ररी बसेको आसिन | १६८ |
| विशालता | ना | विशाल+ता | फैलिएको अवस्था, फैलावट, विस्तृत स्थिति | १७० |

| | | | | |
|---|---|---|---|---|
| वितरण | ना | वि+तृ+अन् | सम्बन्धित व्यक्तिलाई खास वस्तुहरू बाँड्ने काम | १७० |
| व्यवस्थापन | ना | व्यवस्थाप्+अन् | कुनै गतिविधिको चाँजो तथा व्यवस्था मिलाउने काम | १६९ |
| विकास | ना | वि+काश् | कुनै व्यक्ति, समाज वा संस्थाको भौतिक उन्नति वा बौद्धिक दृष्टिल आधुनिकीकरण | १६६ |
| व्यक्तित्व | ना | व्यक्ति+त्व | खास व्यक्तिमा हुने विशिष्टता | १६६ |
| समूह | ना | सम्+उह | कुनै वस्तु वा व्यक्तिहरूको झुण्ड, बजार, सिनेमाहल, पार्टी प्यालेस | १६६ |
| समाज | ना | | खास रहनसहन, रीतिरिवाज, धर्म संस्कृति आदिबाट आबद्ध भएका मानिसहरूको समूह | १७० |
| समान | वि | स +मान | गुण, आकार आदिका दृष्टिले उस्तै, समतुल्य, बराबर | १७० |
| सुन्दर | वि | | देख्दा राम्रो, आकर्षक, मनोरम, रमणीय | १७० |
| सदुपयोग | ना | सद्+उपयोग | कुनै वस्तुको उचित ढंगले उपयोग, उपयुक्त प्रयोग | १७० |
| स्वच्छ | वि | सु+अच्+छ | फोहोर नभएको, सफा | १७० |
| सम्भव | वि | सम्+भु+अ | सम्भावना भएको हुन सक्ने, सम्भावित | १७० |
| सभाध्यक्ष | ना | सभा+अध्यक्ष | सभाको अध्यक्ष वा प्रमुख | १६७ |
| सभाकक्ष | ना | सभा+कक्ष | सभा हुन लागेको ठाउँ, सभाकक्ष, सभास्थल | १६६ |
| सुविधा | ना | सु+विधा | आवश्यक सामग्री सजिलै पाउँदाको अवस्था, सुविधा | १६७ |
| सङ्कट | ना | सम्+कट | ज्यादै कष्टको स्थिति, ठूलो विपत्ति | १६७ |

| | | | | |
|---|---|---|---|---|
| जलराशी | ना | जल+राशी | अथाह पानीको भण्डार, समुद्र, सागर, ठूला तलाउहरू | १६७ |
| जलविहार | ना | जल+विहार | मनोरन्जनका लागि गरिने जलयाग, जलमा विचरण | १६९ |
| शिक्षक | ना | शिक्+अक् | शिक्षा दिने व्यक्ति, पढाउने गुरु | १६६ |
| सम्पन्नता | ना | सम्पन्न+ता | सम्पत्ति प्रसस्त भएको, धनी, समृद्ध, धनिक | १६७ |
| सम्पूर्ण | वि | सम्+पूर्ण | सबै भएको, जम्मा सारा | १६६ |
| सर्वेक्षण | ना | सर्व+इक्षण | कुनै क्षेत्र विषय वा गतिविधिको जानकारी लिन गरिने निरीक्षण, मापन, अध्ययन, मूल्याङ्कन आदि | १६७ |
| सङ्कट | ना | सम्+कट | ज्यादै कष्टकर आपत्ति, ठूलो विपत्तिको समयम हुने विशेष | १६७ |
| सामर्थ्य | ना | सम+अर्थ्+य | समर्थमा हुने भाव सामर्थ्यता | १६७ |
| सञ्चालन | ना | सम्+चल्+अन् | कुनै पनि संघसंस्थालाई गति दिने वा चलाउने काम | १६७ |
| समस्या | ना | मूलशब्द | समाधान गर्न गाह्रो कुनै विषय, जटिल कुरा सामना गर्न अप्ठ्यारो वा असजिलो स्थिति | १४२ |
| समाज | ना | मूलशब्द | खास रहन सहन, रीति रिवाज, धर्म आदिबाट अबद्ध रहने मानिसहरूको समूह | १७० |
| हानिकारक | वि | हानि+कृ+अक | कुनै पनि व्यवहाकि पक्षमा नोक्सान पुऱ्याउने,हानिकर | १६७ |
| क्षमता | ना | क्षम+ता | कुनै पनि काम गर्न सक्ने योग्यता, क्षमता, सामर्थ्य, शक्ति वा ताकत भएको | १६७ |
| क्षेत्र | ना | मूलशब्द | जमिन आदिले समेटेको परिधि वा भाग | १६७ |

प्रस्तुत जलस्रोत र ऊर्जा शीर्षकको वक्तृतामा भएका तत्सम शब्दहरू जम्मा ११९ वटा रहेका छन् ।

जलस्रोत र ऊर्जा शीर्षकको वक्तृता (रूपक)मा आवृत्ति भएका शब्दहरू निम्नअनुसार रहेका छन् :

तालिका नं.४ : जलस्रोत र ऊर्जा

| शब्द | आवृत्ति संख्या |
|---|---|
| विचार | २ |
| सङ्कट | २ |

**नेपाली पहिचान**

नेपाली पहिचान शीर्षकको संवादमा घनश्याम, बेघामान, सङ्गीता, सिम्मा र सलिमले एकआपसमा संवाद गरेका छन् । विद्यार्थीहरूले आफ्नो समाजमा सबै जातजाति र धर्म संस्कृति भएको कुरा बुझ्ने छन् । यस पाठमा नेपाली समाज बहुजातीय भएको र नेपाल प्रकृतिमा सुन्दरताले भरिपूर्ण छ । विविधता समस्या होइन सम्पत्ति हो । नेपालमा धेरै जातिहरूको बसोबास भएका कारण सबैको आफ्नै परम्परा, संस्कृति, ज्ञान र अनुभव छ । आपसी सहिष्णुता र एकता छ ।

त्यस्तै नेपालको सौन्दर्य भनेको सुन्दर हिमाल, डाँफे, मुना, हरियाली र खोलानाला हुन् । यसैको दृश्यावलोकन गर्नका लागि पर्यटकहरू आउने गर्दछन् । सबैले आफ्नो रुचि अनुसार हिमाल, पहाड, तराई जहाँको पनि रमणीय दृश्यहरूको अवलोकन गर्न पाउनेछन् भन्ने ज्ञान पाउने छन् । यसै पाठबाट विद्यार्थीहरूले जातीय विभेदको अन्त्य गर्नुपर्छ भन्ने सन्देश पनि पाउने छन् । विकृति हटाउनु पर्छ, संस्कृति जोगाउनु पर्छ । यो काम सजिलो त छैन तर असम्भव पनि छैन भन्ने सन्देश दिएको छ । यसका साथै अन्धविश्वास, कुरीति, कुसंस्कार जस्ता विकृतिजन्य कुराहरूको अन्त्य हुनुपर्छ भन्ने ज्ञान पाउने छन् ।

कक्षा बाह्रको नेपाली पहिचान शीर्षकको संवादमा प्रयुक्त तत्सम शब्दहरूको वर्ग, व्युत्पत्ति, अर्थ र पृष्ठ निम्नअनुसार तालिकामा समावेश गरिएको छ ।

तालिका नं. ५ : नेपाली पहिचान

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृष्ठ |
|---|---|---|---|---|
| समाज | ना | मूल शब्द | खास रहन सहन, रीति रिवाज, धर्मबाट आबद्ध रहेको मानिसहरूको समूह | १२५ |
| सम्पत्ति | ना | सम्+पद्+ति | कसैको अधिकारमा भएको चल र अचल धन | १२६ |
| समस्या | ना | मूल शब्द | समाधान गर्न कठिन, गाह्रो कुनै विषय | १२६ |
| सुन्दर | वि | मूल शब्द | देख्दा राम्रो आकर्षक, मनोरम | १२६ |
| सुसज्जित | वि | सु+सज्जित | राम्ररी सजाइएको, सजिसजाउ | १२६ |
| सुरक्षित | वि | सु+रक्षित | सुरक्षा गरिएको, सुरक्षित | १२६ |
| सभ्यता | ना | सभ्य+ता | सभ्य व्यक्तिमा हुने गुण, शिष्टता, भद्रता | १२६ |
| सभ्य | वि | सभा+य | असल आचरण भएका व्यक्ति, शिष्ट, भद्र | १२६ |
| सङ्गम | ना | सम्+गम् | मिल्ने काम, भेट हुने ठाउँ, मिलन | १२६ |
| संसार | ना | सम्+सार | पृथ्वीको सम्पूर्ण भूभाग, विश्व, दुनियाँ | १२६ |
| संस्कृति | ना | सम+कृति | देश वा जातिको  कला, साहित्य, पहिचान, संगीत | १२६ |
| सहिष्णुता | ना | सहिष्णु+ता | धीरता, धैर्य, सहनशीलता | १२६ |
| सौन्दर्य | ना | सुन्दर+य | सुन्दर हुने तत्व,  शोभा, कान्ति, चहक, राम्रोपना | १२६ |
| मैत्री | ना | मित्र+ई | मित्रता, दोस्ती, आत्मीयता, साथी, इष्ट | १२६ |
| विषय | ना | वि+सय | कुनै पनि वर्णनीय वस्तु जसको बारेमा कुरा गरिन्छ | १२६ |
| विचार | ना | वि+चार | कुनै विषय समस्या आदिका बारेमा सोचिएको कुरा | १२६ |
| विरलै | वि | विरल+ऐ | बिरलै, कम्ती, कठिनले मात्र पाउन सकिने | १२६ |

| | | | | |
|---|---|---|---|---|
| स्पष्ट | वि | स्पश+त | देख्न सुन्न सकिने बुझिने, बुझ्न सकिने, खुलस्त | १२६ |
| बहस | ना | मूल शब्द | कुनै विषयमा गरिने छलफल, तर्कवितर्क | १२६ |
| विद्यालय | ना | विद्या+आलय | विद्यार्थीलाई पढाउन सुविधासम्पन्न शैक्षिक संस्था | १२६ |
| विकास | नाम | वि+कास | भौतिक, मानसिक, शारीरिक, बौद्धिक विकास, उन्नति | १२६ |
| विशिष्ट | वि | वि+शिष्ट | सबैभन्दा उच्चतम, माथिल्लो दर्जाको, गन्यमान्य | १२६ |
| विविधता | ना | विविध+ता | अनेक प्रकार, विभिन्नता | १२६ |
| प्रस्तुत | वि | प्र+स्तु+त | कुनै कामका लागि अगाडि राखिएको, उपस्थित गराइएको | १२६ |
| तर्क | ना | मूल शब्द | कुनै विषयलाई पुष्टि गर्न गरिने युक्तिपूर्ण कथन | १२६ |
| निष्कर्ष | ना | निस् +कर्ष | कुनै विषयवस्तुको छलफलबाट निस्कने सार , | १२६ |
| अनेक | वि | अन्+एक | एकभन्दा बढी, धेरै | १२६ |
| अमूल्य | वि | अ+मूल्य | मूल्य तोक्न नसकिने, अमोल | १२६ |
| अनुभव | ना | अनु+भव | देखेर वा भोगेर आर्जन गरिने ज्ञान | १२६ |
| अनेक | वि | अन्+एक | एक भन्दा बढी , धेरै, थुप्रै | १२६ |
| अनेकता | ना | अनेक+ता | अनेक, धेरै हुने अवस्था | १२६ |
| आविस्कार | ना | आविस्+कार | नयाँ वस्तु वा सिद्धान्तको खोज गरी प्रकाशमा ल्याउनु | १२६ |
| जाति | ना | जा+ति | विशिष्ट ऐतिहासिक पहिचान भएका मानिसहरूको वर्ग | १२६ |
| जातीय | वि | जात+ईय<br>जाति+ईय | जात सम्बन्धी जातको, जातगत, जातिगत | १२६ |
| ज्ञान | ना | ज्ञा+न | कुनै कुरा देखेर वा भोगेर मस्तिष्कमा ग्रहण गर्ने काम | १२६ |
| भाषा | ना | भाष्+आ | उच्चरित ध्वनि वा लेख्य चिन्हको प्रयोग गरी समुदायमा विचार आदानप्रदान गर्ने प्रचलित माध्यम | १२६ |

| | | | | |
|---|---|---|---|---|
| मतमतान्तर | ना | मूल शब्द | फरक मत विभिन्न विचार | १२६ |
| महत्वपूर्ण | वि | महत्व+पूर्ण | महत्व भएको, विशेषता हुने भाव | १२६ |
| हरियाली | ना | हरियो +आली | बोट विरुवा आदिले सर्वत्र हरियो भएको, हरियोपन | १२६ |
| प्रकार | ना | प्र+कार | किसिम, वर्ग, थरी | १२६ |
| पर्यटक | ना | परि+अट्+अक | देश विदेश घुम्ने, पर्यटन् गर्ने मानिसहरू, घुमक्कड | १२६ |
| परम्परा | ना | परम्+परा | धेरैपहिलेदेखि चलिआएको प्रचलन, रिवाज,प्रथा,संस्कृति | १२६ |
| प्रश्न | ना | मूल शब्द | जान्ने इच्छाले कसैलाई के हो ? भनी सोध्ने काम | १२६ |
| पाकृतिक | वि | प्रकृति+इक | प्रकृति सम्बन्धी, प्रकृति, स्वभाव (नेचर) | १२६ |
| बहु | वि | मूल शब्द | धेरै अनेक, थुप्रै (दुलही) | १२६ |
| निश्चय | ना | निस्+चय | कुनै प्रकारको शंका, द्विविधा नभएको स्थिति | १२६ |
| निधि | ना | मूल शब्द | बहुमूल्य तथा महत्वका वस्तु, खानी, सम्पदा | १२६ |
| कविता | ना | कवि+ता | कविले रचेको लयबद्ध वा मुक्तक रचना, कविको कृति | १२६ |
| गौर | वि | मूल शब्द | गोरो, गोरो वर्णको सेता | १२६ |
| गौरव | ना | गुरु | महिमा, महत्व, गुरुत्व, गहनतम | १२६ |
| नदी | ना | नद+ई | खोलाहरू मिसिएर बनेका पानीको ठूलो प्रवाह ठूलो खोला | १२६ |
| लोप | ना | लुप | हराउने, नदेखिने, अलप हुने स्थिति | १२६ |
| धन | ना | मूल शब्द | जीवन धान्न चाहिने चलअचल सम्पत्ति | १२६ |
| धर्म | ना | मूल शब्द | मानिसले मानिआएको परम्परागत विश्वास, मान्यता | १२६ |
| युद्ध | ना | युध्+त | दुई देश वा जातिका बीच हुने ठुलो भिडन्त, संग्राम | १२६ |

| | | | | |
|---|---|---|---|---|
| क्षति | ना | क्ष+ति | नोक्सान, हानी, घाटा | १२६ |
| मानव | ना | मनु+अ | मान्छे, मनुका सन्तान, मानिस | १२६ |
| महत्व | ना | महत्+त्व | कुनै कुराको विशेष उपयोगिता, आवश्यकता | १२६ |
| मात्र | नि | मूल शब्द | खाली, केवल, एक्लै भन्ने प्रयोजनमा आउने शब्द | १२७ |
| प्रति | उप | | विपरीत, विरुद्ध, समान, सट्टा, हरेक आदि | १२७ |
| पूर्ण | ना | पूर्+न | पूरा, भरिने काम | १२७ |
| साधन | ना | साध्+अन् | कुनै काम गर्नका लागि आवश्यक वस्तु, औजार, सामान | १२७ |
| सुन्दर | वि | मूल शब्द | देख्दा राम्रो आकर्षक, सौन्दर्यपूर्ण | १२७ |
| सहमत | वि | सह+मत | प्रस्ताव वा सल्लाहमा मन्जुर भएको, विचार मिलेको | १२७ |
| सम्बन्धी | वि | सम्बन्ध+ई | सम्बन्ध भएको, सम्बन्धित | १२७ |
| सम्मान | ना | सम्+मान | कसैलाई गरिने विशेष आदरभाव, इज्जत, मान | १२७ |
| समाज | ना | मूल शब्द | खास रहनसहन, रीति रिवाजभित्र आबद्ध मानिसहरूको समूह | १२७ |
| भाव | ना | भू+भो+अ | कुनै कथन,रचना आदिको मुख्य अभिप्राय, तात्पर्य, आशय | १२७ |
| भण्डार | ना | मूल शब्द | सामान राख्ने सुरक्षित कोठा | १२७ |
| अवसर | ना | अव+सर | कुनै काम गर्नका लागि सुवर्ण अवसर, मौका | १२७ |
| आरोहण | ना | आ+रुह+अन | उच्च ठाउँमा चढ्ने, उक्लने, उचाइतिर लाग्ने काम | १२७ |
| आकर्षण | ना | आ+कृष+अन | कसैलाई आफूतिर खिच्ने वा तान्न सक्ने स्थिति | १२७ |
| जैविक | वि | जीव+इक | जीवनबाट प्राप्त हुने जीव सम्बन्धी जीवको | १२७ |
| वस्तु | ना | मूल शब्द | पृथ्वी वा ग्रहमा पाइने जुनसुकै ठोस वा तरल पदार्थ | १२७ |

| | | | | |
|---|---|---|---|---|
| विभिन्न | वि | वि+भिन्न | अनेक प्रकार, धेरै थरिको, वैचित्रभाव, विचित्रता | १२७ |
| प्राप्त | वि | प्र+आप्+त | पाएको, लिएको, पाउन सकिने, मिलेको, भेटेको | १२७ |
| उपत्यका | ना | उप+त्यक्+आ | चारैतिर पहाडले घेरिएको बीचको समथर मैदानी भाग | १२७ |
| अध्ययन | ना | अधि+इ+अन् | पढ्ने काम, सिकाउने तरिका, सिक्ने काम, पढाइ | १२७ |
| अन्न | ना | मूल शब्द | धान, मकै, कोदो, गहुँ आदि खाद्यवस्तु दानादार वस्तु | १२७ |
| असङ्ख्य | वि | अ+संख्या+य | गन्ति गर्न नसकिने, अनगिन्ति, प्रसस्त | १२७ |
| अनावश्यक | वि | अन्+आवश्यक | आवश्यकता भन्दा बढी, आवश्यक नभएको नचाहिने | १२७ |
| अन्धविश्वास | ना | मूल शब्द | विना सोचविचार हडबडमा गरिने विश्वास | १२७ |
| अवलोकन | ना | अव+लोक+अन | कुनै स्थान वस्तु घटना वा नियालेर अध्ययन गर्ने काम | १२७ |
| आरोहण | ना | आ+रुह+अन | उच्च ठाउँमा उक्लने वा चढ्ने काम | १२७ |
| आडम्बर | ना | मूल शब्द | देखाउनका लागि मात्र गरिने क्रियाकलाप | १२७ |
| विचार | ना | वि+चार | कुनै विषय समस्या आदिका बारेमा सोचिएको कुरा | १२८ |
| विकृति | ना | वि+कृति | विग्रेको, सडे गलेको, कुहिएको, विरूप भएको अवस्था | १२८ |
| विभेद | ना | वि+भेद | वस्तुहरूमा हुने भिन्नता, फरक, आपसी मतभेद | १२८ |
| वास्तव | ना | वस्तु+अ | यथार्थ,वस्तुगत, सत्य साँचो भनाइ, हुनुपर्ने कुरो | १२८ |
| परम्परा | ना | परम्+परा | धेरै अघिदेखि चलिआएको प्रचलन, रीति रिवाज, चलन | १२८ |
| परिकार | ना | परि+कार | खाद्यवस्तुको प्रकार, किसिम, खाना | १२८ |
| प्रकार | ना | प्र+कृ+अ | किसिम, वर्ग, थरी | १२८ |

| | | | | |
|---|---|---|---|---|
| लैङ्गिक | वि | लिङ्ग+इक | लिङ्ग सम्बन्धी, लिङ्ग भएको | १२८ |
| मन | ना | मनस् | मन, चित्त | १२८ |
| स्वास्थ्य | ना | स्वस्थ+य | निरोगी हुँदाको स्थिति | १२८ |
| संस्कार | ना | सम्+कार | आफ्नो परम्परा, संस्कृति अनुकूल बनाउने काम | १२८ |
| पर्व | ना | मूल शब्द | कुनै महिनाको तिथि, गते वा बारमा पर्ने शुभ दिन | १२८ |
| ध्यान | ना | ध्यै+न | कुनै विषयमा एकाग्र वा तल्लीन भएर लाग्ने काम | १२८ |
| वर्ण १. | ना | मूल शब्द | कुनै वस्तुको बाहिरी आकृति वा आवरण रूप | १२८ |
| वर्ण २. | ना | ,, | हिन्दु सामाजिक अवस्थानुसार मान्छेको वर्ण | १२८ |
| वर्ण ३. | ना | ,, | अर्थ भिन्न गराउन सक्ने उच्चार्य ध्वनि, अर्थ भेदक | १२८ |

प्रस्तुत नेपाली पहिचान शीर्षकको संवादमा जम्मा २०२ वटा तत्सम शब्दहरू रहेका छन् ।

नेपाली पहिचान शीर्षकको संवादमा शोधपत्रका लागि छानिएका तत्सम शब्दहरूमध्ये आवृत्ति भएका शब्दहरू निम्ननुसार रहेका छन् :

तालिका नं.६ : नेपाली पहिचान

| शब्द | आवृत्ति संख्या |
|---|---|
| अनेक | २ |
| सुन्दर | २ |
| समाज | २ |
| प्रकार | २ |
| विचार | २ |

यसरी अध्ययन गर्ने क्रममा कक्षा एघार र बाह्रको नेपाली किताबभित्रको रूपक विधामा जम्मा ३५० ओटा तत्सम शब्दहरू रहेको पाइयो ।

# अध्याय पाँच

# निष्कर्ष, सुझाव र उपयोगिता

## निष्कर्ष

जुनसुकै अध्ययनको सारतत्व वा निचोड नै निष्कर्ष हो। निष्कर्षले कुनै पनि अध्ययनलाई एउटा निश्चित टुङ्गोमा पुऱ्याउने गर्दछ। यसकै आधारमा कुनै पनि अध्ययनको औचित्य र महत्व पनि झल्किने गर्दछ। अध्ययनका क्रममा भएका विभिन्न वर्णन, विश्लेषणबाट निस्कने सारपूर्ण निचोड निष्कर्षका रूपमा आउने भएकाले निष्कर्षमा नपुगेको अध्ययन अर्थपूर्ण हुँदैन। त्यसैले अध्ययनको निष्कर्षलाई निम्नअनुसार समावेश गरिएको छ।

कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तक समावेश गरिएका तीनवटा रूपकहरूका तत्सम शब्दको अध्ययन तथा विश्लेषणबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा निम्नअनुसार प्रस्तुत गरिएको छ :

- शोधपत्रको सुरुमा भाषा, शब्द, शब्द वर्गीकरण शीर्षक, प्रयोजन आदिलाई प्रस्तुत गरिएको,
- शब्दलाई, स्रोत, बनोट र कार्यका आधारमा वर्गीकरण गरिएको,
- शब्दलाई स्रोतको आधारमा मौलिक र आगन्तुक गरी दुई भागमा वर्गीकरण गरिएको र तत्सम शब्द मौलिक शब्दभित्र रहेको,
- बनोटको आधारमा शब्दलाई मूल र व्युत्पन्न र कार्यका आधारमा विकारी र अविकारी भनी वर्गीकरण गरिएको,
- संस्कृत भाषाबाट जस्ताको तस्तै, रूप नफेरिइ नेपाली भाषामा आएको शब्दलाई तत्सम शब्द भनिएको,
- तत्सम शब्दको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको,

- तत्सम शब्दहरूलाई शब्द, वर्ग, व्युत्पत्ति, अर्थ, पाठ र पृष्ठ सङ्ख्या समेत उल्लेख गर्दै वर्णानुक्रममा राखिएको,

- कुन पाठमा जम्मा कति शब्द रहेको, त्यसमध्ये कति तत्सम शब्द रहेको, तत्सम शब्दको प्रयोगको स्थिति कति रहेको भन्ने कुरा तालिकासहित पुष्टि गरिएको,

- कक्षा एघार र बाह्रको रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको व्युत्पादन हुने शब्दहरूको व्युत्पत्ति प्रक्रिया देखाइएको र नहुने मूल शब्दलाई जस्ताको तस्तै राखिएको ।

## सुझाव

कक्षा एघार र बाह्रको रूपक विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन विश्लेषणबाट निकालिएको निष्कर्षको आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छः

- कुनै पाठमा ज्यादै बढी र कुनै पाठमा ज्यादै कम तत्सम शब्दको प्रयोग भएको देखिन्छ तर यसो नभएर समान तत्सम शब्दको प्रयोग भएका रूपकहरू समावेश गरिनुपर्दछ ।

- अप्ठ्यारा तत्सम शब्दहरूको आवृत्ति भइरहे विद्यार्थीहरूलाई सहज हुने देखिन्छ ।

- सबै रूपकको अन्त्यमा कठिन तत्सम शब्दहरूको शब्दार्थ स्तम्भ राखिनु पर्ने देखिन्छ ।

## उपयोगिता

प्रस्तुत अध्ययन कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकको रूपक विधामा तत्सम शब्दहरूको अनुसन्धान कार्य सम्पन्न गर्दा आगन्तुक शब्दहरूको क्षेत्रमा त्यति धेरै अनुसन्धान नभएको तथ्यलाई अघि सारेर यो कार्य सम्पन्न गरिएको छ। यो शोध कार्यको निम्न प्रकारको उपयोगिताको अपेक्षा राख्न सकिन्छ :

- कक्षा एघार र बाह्रमा अध्ययन गर्ने विद्यार्थीहरूलाई नेपाली भाषामा प्रचलनमा रहेका शब्दहरूमा के कस्ता तत्सम शब्दहरूको प्रयोग रहेको छ भनी पहिचान गर्न सक्ने देखिन्छ ।

- कक्षा एघार र बाह्रको नेपाली अध्यापन गर्ने शिक्षकहरूलाई प्रयुक्त रूपक विधामा रहेका तत्सम शब्द पहिचान गरी शिक्षण गर्न सहयोग मिल्ने देखिन्छ ।

- रूपक विधाहरूमा प्रयोग भएका तत्सम शब्दहरूको भाषा स्रोत पत्ता लगाइ नेपाली भाषामा कुनकुन भाषाबाट शब्दहरू सापटीको रूपमा आएका छन् भन्ने पत्ता लाग्ने देखिन्छ ।

- तत्सम शब्दहरूको प्रयोगको दृष्टिले कुन लेखकले बढी तत्सम शब्दको प्रयोग गरेका छन्, जानकारी पाउन सकिने देखिन्छ ।

- तत्सम शब्दहरूको प्रयोगको दृष्टिले कुन रूपक विधामा बढी तत्सम शब्दको प्रयोग भएको छ र कुनमा कम प्रयोग भएको छ जानकारी पाउन सकिने देखिन्छ ।

- शब्दवर्गको दृष्टिकोणले कुन शब्दवर्ग अन्तर्गतका शब्दहरू बढी आगन्तुक रूपमा भाषामा भित्रिँदा रहेछन् भनी जानकारी लिन सकिने देखिन्छ ।

- कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकमा समावेश भएका रूपक विधामा प्रयोग भएका आगन्तुक शब्दको मात्र नभएर भाषा पाठ्यपुस्तकका परिस्कार एवम् परिमार्जन गर्नमा थोरै भए पनि टेवा पुऱ्याउन सकेको खण्डमा यो अनुसन्धानको ठूलो शैक्षिक उपलब्धि रहने कुरामा विश्वास गर्न सकिन्छ ।

**कार्यान्वयन तह**

क) पाठ्यपुस्तकको रूपक विधामा प्रयुक्त तत्सम शब्दको भाषा स्रोत तथा त्यसको ठीक अर्थ पत्ता लगाई शिक्षण गर्दा शिक्षण बढी प्रभावकारी हुने देखिन्छ ।

ख) विद्यार्थीहरूलाई क्रियाकलाप गराउँदा यस प्रकारको तरिकाप्रति बढी जोड दिएको खण्डमा विद्यार्थीहरूको शब्द ज्ञान बढ्ने देखिन्छ ।

ग) तत्सम शब्दहरूको शब्दवर्ग छुट्याई शिक्षण गरेमा विद्यार्थीहरूले कुन शब्दवर्ग अनुसारका शब्दहरू बढी मात्रामा भाषाले सापटी लिन्छ भन्ने ज्ञान पाउने देखिन्छ ।

घ) भाषा पाठ्यपुस्तकमा समावेश गरिने शब्दभण्डारको नियमित अध्ययन अनुसन्धान गर्ने बानीको विकास गर्नमा यस अनुसन्धानले मद्दत गर्ने देखिन्छ ।

ङ) भाषा पाठ्यपुस्तक अन्तर्गत तत्सम शब्द सम्बन्धी विभिन्न योजनाहरू निर्माण गरी सोहीअनुसार प्रभावकारी शिक्षण गर्नुपर्ने देखिन्छ ।

**नीति निर्माण तह**

क) भाषा सम्बन्धी पाठ्यपुस्तक तयार गर्दा नीति निर्माण गर्ने सम्बन्धित निकायले शब्द स्रोतको छनौटमा विशेष ध्यान दिनुपर्ने देखिन्छ। रूपक विधा आफैँमा आस्वादानात्मक विधा भएकाले लेखकले स्वभाविक रूपमा शब्दहरूको प्रयोग गर्ने गरेको देखिन्छ तर विधा छनौट गर्ने निकायले तत्सम, तत्भव तथा आगन्तुक शब्दहरूमा सन्तुलन रहेका रूपकहरू छनोट गरेको खण्डमा अध्ययन गर्ने विद्यार्थीहरूको शब्द भण्डारमा वृद्धि हुने देखिन्छ ।

ख) तत्सम शब्दहरूको दृष्टिले रूपक विधा छनोट गर्दा कुनै पाठमा अत्यधिक शब्द कुनैमा न्यून शब्द पर्ने खालका रूपक नछानेर तत्सम शब्दहरूको सन्तुलन मिलेका राख्नुपर्ने देखिन्छ ।

च) पाठ्यपुस्तकमा रहेका तत्सम शब्दको अर्थ दिँदा अर्थसहित ती शब्दको भाषा स्रोत खुलाई लेखी दिएको खण्डमा विद्यार्थीहरूलाई तत्सम शब्दको भाषा स्रोतबारे जानकारी हुने देखिन्छ ।

छ) शब्दवर्गको दृष्टिले नाम, विशेषण, क्रियाविशेषण, विस्मयादिबोधक लगायत अन्य शब्दवर्गका शब्दहरू पनि राख्नुपर्ने देखिन्छ ।

**भावी अनुसन्धान**

अध्ययन क्रममा शिक्षा क्षेत्रमा नयाँनयाँ आयाम थप्ने तथा उन्नति र प्रगतिको सूत्रधारको रूपमा रहेको अनुसन्धानको शैक्षिक क्षेत्रमा उच्च स्थान रहेको छ । शब्द भण्डार

जस्तो बृहत् क्षेत्रमा विभिन्न शोध अनुसन्धान भएका होइनन् तर कक्षा एघार र बाह्रको अनिवार्य नेपालीको अन्य विधामामा रहेका तत्सम शब्दसँग सम्बन्धित रहेर अनुसन्धान हुन बाँकी नै देखिन्छ । अनुसन्धान गर्नुपर्ने सम्भाव्य विषयवस्तु र शीर्षकहरू निम्न लिखित छन् :

- कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण ।

- कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकको कविता विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन ।

- कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकको जीवनी विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन तथा विश्लेषण ।

- कक्षा एघार र बाह्रको नेपाली पाठ्यपुस्तकको नाटक विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन तथा विश्लेषण ।

## सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद (२०६९), **माध्यमिक शिक्षक दिग्दर्शन,** बागबजार, काठमाडौं : आशिष बुक्स हाउस प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज (२०५५), **समसामयिक नेपाली व्याकरण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०७०), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कार्की, निलु (२०६८), **माध्यमिक तहको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा समाविष्ट शब्दभण्डारको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र),कीर्तिपुर, काठमाडौं : त्रि.वि., नेपाली भाषा शिक्षा विभाग ।

खनाल, चक्रपाणि (२०६४), **भाषाविज्ञान शब्दकोश**, विराटनगर : सरस्वती प्रकाशन ।

खतिवडा, तीर्थराज र शान्तिराम ढकाल (२०६९), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

खड्का, गोमाकुमारी (२०६७), **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इटहरी, सुनसरी : जनता बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

त्रिपाठी, वासुदेव (२०७५), **नेपाली बृहत् शब्दकोश** (संशोधित र परिवर्धित संस्करण), नेपाल प्रज्ञाप्रतिष्ठान ।

दाहाल, शान्ता (२०६७), **कक्षा एघारको सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इटहरी, सुनसरी : जनता बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०६६), **नेपाली बाल शब्दकोश**, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

नेपाली (२०७७), **कक्षा एघार**, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

नेपाली (२०७८), **कक्षा बाह्र**, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

न्यौपाने, टङ्कप्रसाद (२०५३-५४), **अनिवार्य नेपाली**, काठमाडौं : जय बुक डिपो ।

बराल, कृष्णहरि र अन्य (२०६६), **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास**, काठमाडौँ : तलेजु प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र अटम (२०६६), **व्याकरण अभिव्यक्ति र अभ्यास,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

बस्नेत, केदार (२०६७), **कक्षा एघारको सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इटहरी, सुनसरी : जनता बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

भट्टराई, रामप्रसाद (२०६५), **भाषिक अनुसन्धान विधि**, काठमाडौँ : शुभकामना प्रकाशन ।

भट्टराई, डी.पी. (२०६२), **माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, शोभा (२०६६), **कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इन्द्रपुर, मोरङ : सुकुना बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

लम्साल, रामचन्द्र र अन्य (२०६५), **साधारण नेपाली**, काठमाडौँ : शुभकामना प्रकाशन ।

शर्मा, वसन्तकुमार र विनयकुमार शर्मा (२०६८), **शब्दार्थ नेपाली शब्दसागर,** काठमाडौं, शब्दार्थ प्रकाशन ।

शर्मा, वसन्तकुमार (२०६३), **नेपाली शब्दसागर**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

## परिशिष्ट दुई

## व्यक्तिगत विवरण

**नाम** : सङ्गीता मल्ल ठकुरी

**जन्म** : २०३२।९।१५

**पिताको नाम** : नेत्रबहादुर मल्ल ठकुरी

**माताको नाम** : सावित्रा मल्ल ठकुरी

**स्थायी ठेगाना** : इटहरी उपमहानगरपालिका वडा नं् १३, इस्लाम टोल

**सम्पर्क नं** : ९८०७००६६८६

**नागरिकता** : नेपाली

**धर्म** : इस्लाम

**मातृभाषा** : नेपाली

**वैवाहिक स्थिति** : विवाहित

**पेशा** : शिक्षण

**शैक्षिक योग्यता** :

**क.सं. तह अध्ययन गरेको संस्था**

१. प्रवेशिका (२०५२) श्री पार्वती मा.वि. पछियारी, हरखपुर, मोरङ

२. +२ (२०६७) जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी

३. बी.एड. (२०७२) जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी

४. एम.एड. : जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी